महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

# प्रेस विज्ञप्ति

(२०७४ चैत्र २९ गते)

## (महालेखा परीक्षकको ५५ बार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत)

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले नेपालको संविधानको धारा २४१ अनुसार आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ अनुसार महालेखापरीक्षकको ५५ औं बार्षिक प्रतिवेदन, २०७४ सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी समक्ष एक कार्यक्रमका बीच पेश गर्नुभयो ।

सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले लामो समयदेखि वृद्धि हुँदै आएको सरकारी खर्चको बेरुजु प्रति समाजको गहन चासो र सरोकार रहँदै आएको उल्लेख गर्दै यसप्रति सम्बन्धित निकायका पदाधिकारीलाई सचेत गराउँदै जवाफदेही बनाउन आवश्यक भएको बताउनुभयो । साथै, प्रतिवेदनमा उठाइएका विषयलाई संघीय संसद र नेपाल सरकारले गम्भीरतापूर्वक लिई कार्यान्वयन गर्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा माननीय महालेखापरीक्षक शर्माले प्रतिवेदनमा औंल्याइएका मुख्य व्यहोराहरु बारे सम्माननीय राष्ट्रपतिज्यूलाई अवगत गराउनुका साथै प्रतिवेदनको सुझाव कार्यान्वयन सम्बन्धमा जोड दिनुभएको थियो ।

प्रतिवेदनमा सरकारी कार्यालय, सार्वजनिक संस्था, स्थानीय तह लगायतका निकायको आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण र बेरुजूको स्थिति, लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोराहरु र सुधारका क्षेत्र सम्बन्धमा समालोचना एवं सुझावहरु समावेश गरिएको छ । कार्यालयको वेभसाइट www.oagnep.gov.np बाट सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भएको उक्त बार्षिक प्रतिवेदन र सोको सारांश प्राप्त गर्न सकिनेछ ।

.......................
उद्धबचन्द्र श्रेष्ठ
प्रवक्ता/नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
# ५५ औं प्रतिवेदन प्रस्तुति
# प्रेस विज्ञप्ति

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले नेपालको संविधानको धारा २४१ अनुसार आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ अनुसार तयार गरेको महालेखापरीक्षकको ५५ औं बार्षिक प्रतिवेदन, २०७४ सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी समक्ष पेश गर्नुभयो । उक्त प्रतिवेदन कार्यालयको वेभसाइट www.oagnep.gov.np मा राखी सार्वजनिक गरिएको छ । वार्षिक प्रतिवेदनका प्रमुख व्यहोरा देहायअनुसार छन्:

१. **लेखापरीक्षण गरिएका निकायको विवरण**

| लेखापरीक्षण गरिएका निकाय र विषय | | संख्या | रकम (रु. करोडमा) |
|---|---|---|---|
| (क) | **वित्तीय लेखापरीक्षण** | | |
| | १. सरकारी कार्यालय | ४८१२ | १७,५२,९३ |
| | २. स्थानीय तह (साविक स्थानीय निकाय ३३७४ समावेश) | ७३८ | १,८०,३१ |
| | ३. जिल्ला विकास समिति/जिल्ला समन्वय समिति | ७५ | २,१४,२२ |
| | ४. समिति र अन्य संस्था | ८९७ | १,३८,८१ |
| | ५. संगठित संस्था | ८५ | २४,०१,६४ |
| (ख) | कार्यमूलक लेखापरीक्षण | ७ | ० |
| (ग) | सूचना प्रविधि लेखापरीक्षण | १ | ० |
| (घ) | वातावरणीय लेखापरीक्षण | १ | ० |
| | **जम्मा** | **६६१६** | **४६,८७,९१** |

*द्रष्टव्य :– लेखापरीक्षक नियुक्तिको परामर्श दिएको ३१ संस्थाको लेखापरीक्षण अंक रु.५ खर्ब १९ अर्ब १२ करोड माथिको तालिकामा समावेश छैन ।*

यो वर्ष ४ हजार ८१२ सरकारी कार्यालयको रु.१७ खर्ब ५२ अर्ब ९३ करोड, जिल्ला विकास समिति/समन्वय समिति ७५, स्थानीय तह ७४४ मध्ये ७३८ (साविक स्थानीय निकाय ३ हजार ३७४ समेत), विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानलगायत ९८२ निकायको रु.२९ खर्ब ३४ अर्ब ९८ करोडसमेत रु.४६ खर्ब ८७ अर्ब ९१ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय लेखापरीक्षणको अतिरिक्त ७ विषयको कार्यमूलक, १ विषयको सूचना प्रविधिमा आधारित तथा १ विषयको वातावरणीय लेखापरीक्षण गरिएको छ । मूल प्रतिवेदन, सारांश, स्थानीय तह प्रदेशगत ७, कार्यमूलक र संस्थान समेत १० वटा प्रतिवेदन तयार गरिएको छ।

२. **लेखापरीक्षण व्यवस्थापन -** लेखापरीक्षण योजनाअनुसार २०७३।७४ को लेखापरीक्षण ३ चरणमा सम्पन्न गरिएको छ। जस अनुसार सबै सरकारी कार्यालय र स्थानीय तह समेतको २०७४ श्रावण १५ देखि प्रथम चरण अन्तर्गत काठमाडौं उपत्यका सहित १३ जिल्ला, दोस्रो चरणमा ३४ जिल्ला र तेस्रो चरणमा २८ जिल्लाको लेखापरीक्षण सम्पन्न गरिएको थियो । त्यसैगरी संगठित संस्थातर्फ ३८ संस्थाको ५६ आर्थिक बर्षको लेखापरीक्षण सम्पन्न गरिएको र ३० संस्थाको लेखापरीक्षक नियुक्तिको परामर्श दिईएको थियो ।

३. **बेरुजू -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(द) ले प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको व्यहोरालाई बेरुजूको रुपमा परिभाषित गरेको छ । सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समिति/समन्वय समितिले उपर्युक्त परिभाषाबमोजिम बेरुजु ठहरिने, असुल फछ्र्यौट गर्नुपर्ने तथा कारबाही गरी टुंगो लगाउनुपर्ने अद्यावधिक रकम देहाय अनुसार रु.५ खर्ब ८ करोड रहेको छ :

**(करोडमा)**

| गत वर्षसम्मको | विवरण | यो वर्षसम्मको |
|---|---|---|
| १६७४९ | सरकारी कार्यालयको बेरुजू | २१३६७ |
| ० | स्थानीय तहको बेरुजू | १४२५ |
| ५४४० | जिल्ला समन्वय समिति, अन्य संस्था र समितिका बेरुजू | ६२६१ |
| ५३१ | लेखापरीक्षण बक्यौता | ३३८ |
| १३२१८ | राजस्व बक्यौता | १६११६ |
| २२५१ | शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान | २०५८ |
| १४३४ | शोधभर्ना लिन बाँकी वैदेशिक ऋण | २२३८ |
| २ | जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज | २०५ |
| **३९६२५** | | **५०००८** |

गत वर्ष कारवाही गरी टुङ्गो लगाउनु पर्ने रु.३ खर्ब ९६ अर्ब २५ करोड रहेकोमा यो बर्ष २६.२० प्रतिशतले बृद्धि भई रु.५ खर्ब ८ करोड पुगेको छ।

४. **बेरुजू वर्गीकरण** – आर्थिक कार्यविधि ऐन, २०५५ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेश्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेश्की गरी ४ समूहमा वर्गीकरण गरेको छ। यो वर्षसरकारी कार्यालय, जिल्ला विकास/समन्वय समिति, अन्य समिति र संस्था एवं स्थानीय तहतर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अङ्क निम्नानुसार छ :

(रु. लाखमा)

| वर्गीकरण | | सरकारी कार्यालय | स्थानीय तह | समिति तथा अन्य संस्था र जिल्ला विकास/समन्वय समिति | जम्मा | कुल वेरुजूको प्रतिशत |
|---|---|---|---|---|---|---|
| | **जम्मा बेरुजू** | **९४८१५४** | **१४२४६०** | **११८४८७** | **१२०९१०१** | **१००** |
| **१.** | **असुल गर्नुपर्ने** | **१७२५९४** | **७०२४** | **७४६१** | **१८७०७९** | **१५.४७** |
| **२.** | **नियमित गर्नुपर्ने** | **३३३५०७** | **७४६९५** | **७८९८५** | **४८७१८७** | **४०.२९** |
| | ● अनियमित भएको | ७४६९६ | | ३८९७७ | ११३६७३ | ९.४० |
| | ● प्रमाण कागजात पेस नभएको | २५८७६२ | | ३५१८८ | २९३९५० | २४.३१ |
| | ● जिम्मेवारी नसारेको | ३ | | २०९१ | २०९४ | ०.१७ |
| | ● शोधभर्ना नलिएको | ४६ | | २७२९ | २७७५ | ०.२३ |
| **३.** | **पेश्की** | **४४२०५३** | **६०७४१** | **३२०४१** | **५३४८३५** | **४४.२३** |
| | ● कर्मचारी पेश्की | ४१२३ | | ९८९ | ५११२ | ०.४२ |
| | ● मोबिलाइजेसन पेश्की | २४५७८६ | | ० | २४५७८६ | २०.३३ |
| | ● प्रतितपत्र पेश्की | ७२७९६ | | ० | ७२७९६ | ६.०२ |
| | ● संस्थागत पेश्की | ११९३४८ | | ३१०५२ | १५०४०० | १२.४४ |

५. सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने १० मन्त्रालय निम्नानुसार छन्। यो रकम कुल बेरुजूको ८३.५८ प्रतिशत छ :

(रु.लाखमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अंक | बेरुजू अंक | | | | कुल बेरुजुको प्रतिशत | ले.प.अंकको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | जम्मा | | |
| १. | भौतिक पूर्वाधार तथा यातायात | १२०५३७४ | २५५८९ | २३८५७ | १६३२५२ | २१२६९८ | २२.४३ | १७.६५ |
| २. | अर्थ | ८९२६०५९ | ९३९७५ | ६४६३४ | ३०३० | १६१६३९ | १७.०५ | १.८१ |
| ३. | संघीय मामिला तथा स्थानीय विकास | १५५७४२९ | ७४४५ | ३८९५२ | ६७२४७ | ११३६४४ | ११.९९ | ७.३० |
| ४. | शिक्षा | ११०७३४९ | १४९३ | ८८१३४ | १८३०२ | १०७९२९ | ११.३८ | ९.७५ |
| ५. | रक्षा | ५५५७९४ | ५०३ | ३१० | ६५१११ | ६५९२४ | ६.९५ | ११.८६ |
| ६. | खानेपानी तथा सरसफाई | २९३२६८ | ९३४४ | २२०२० | २६१३८ | ५७५०२ | ६.०६ | १९.६१ |
| ७. | शहरी विकास | २७९५४७ | ३७८८ | ११७६५ | ३५६८९ | ५१२४२ | ५.४० | १८.३३ |
| ८. | स्वास्थ्य तथा जनसंख्या | ३७६७४१ | ११३२ | १३३७१ | ११९१९ | २६४२२ | २.७९ | ७.०१ |
| ९. | सिंचाई | २९६९६९ | ८५७ | ७६८३ | १४६२४ | २३१६४ | २.४४ | ७.८० |
| १०. | गृह | ८४८८५५ | १२८ | ११३०२ | ११६७७ | २३१०७ | २.४४ | २.७२ |
| ११. | अन्य | २०८१८५३ | २८३४१ | ५१४७८ | २५०६४ | १०४८८३ | ११.०६ | ५.०४ |
| | **जम्मा** | **१७५२९२३८** | **१७२५९५** | **३३३५०६** | **४४२०५३** | **९४८१५४** | **१००.००** | **५.४१** |

● यस वर्ष असुल गर्नुपर्ने देखिएको बेरुजूमध्ये अर्थ मन्त्रालयको सबैभन्दा बढी रु.९ अर्ब ३९ करोड ७५ लाख रहेको छ। उक्त रकममा करको दर फरक परेको पुँजीगत लाभकर असुलन नगरेको, करदाताले खरिद बिक्रीको कारोवार यथार्थ घोषणा नगरेको, मूल्य अभिवृद्धि कर लाग्ने कारोबार भए पनि असुल नगरेको, करदाताले मूल्य अभिवृद्धि कर सरकारबाट लिनुपर्ने (क्रेडिट) देखाई तिर्नुपर्ने रकम घटाएको, नपाउने मूल्य अभिवृद्धि कर क्रेडिट दाबी गरेको, करोडौं कारोबार गरे पनि आय विवरण पेस गरी कर नतिरेको लगायतका व्यहोराहरु देखिएका छन्।

- भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत मूल्य समायोजन बढी भुक्तानी दिएको, पुर्वनिर्धारित क्षतिपुर्ति असुल नगरेको, जोडजम्मा फरक पारी बढी भुक्तानी दिएको, नयाँ आइटममा बढी दर निर्धारण गरेको, प्रोभिजनल सम्मा बिल भरपाईबेगर खर्च गरेको लगायतका कारणबाट रु.२ अर्ब ५५ करोड ८९ लाख असुल गर्नुपर्ने देखिएको छ ।

६. सरकारी कार्यालयतर्फ ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छ :

(रु. लाखमा)

| प्रतिवेदन | लेखापरीक्षण अंक | बेरुजू अंक | प्रतिशत | पेश्कीबाहेकको बेरुजू | पेश्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| त्रिपन्नौं | १०४३२३८४ | ४८७७८८ | ४.६८ | २३६७४४ | २.२७ |
| चउन्नौं | १२९५४४९२ | ८८८५५९ | ६.८६ | ६४८४२१ | ५.०१ |
| पचपन्नौं | १७५२९२३८ | ९४८१५४ | ५.४१ | ५०६१७५ | २.८९ |

- सरकारी कार्यालयतर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने रु.१७ अर्ब ७९ करोड ५१ लाख,
- ३८ निकायअन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रु.२८ करोड ३५ लाख,
- प्रारम्भिक प्रतिवेदन पठाएपछि २८ निकाय अन्तर्गतका कार्यालयले रु.२५ करोड २२ लाख,
- गत बिगतको बेरुजू सम्परीक्षणको क्रममा ३५ निकाय मातहतका कार्यालयले कुल रु.१४ अर्ब ९ करोड ११ लाख
- यो वर्षको लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रु.१७ अर्ब २५ करोड ९५ लाख,
- यो बर्ष ३ हजार ४९५ सरकारी कार्यालयको ४४ हजार १२२ दफा बेरुजु देखिएकोमा २६ हजार ५१३ दफा सैद्धान्तिक र १७ हजार ६०९ दफा लगती बेरुजु कायम,
- यो बर्ष ४ हजार ८१२ सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा १ हजार ३१७ कार्यालय (२७.३६ प्रतिशत) मा लगती बेरुजु देखिएन ।

७. **उल्लेखनीय बेरुजु नदेखिएका निकाय**

- राष्ट्रपतिको कार्यालय,
- उपराष्ट्रपतिको कार्यालय,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
- महालेखापरीक्षकको कार्यालय,
- सामान्य प्रशासन मन्त्रालय ।
- राष्ट्रिय मानवअधिकार आयोग,
- न्याय परिषद्,
- कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय,
- विज्ञान तथा प्रविधि मन्त्रालय,

८. **स्थानीय तहको लेखापरीक्षण र बेरुजू स्थिति** - २०७४ आषाढ मसान्तमा कायम ७४४ स्थानीय तह मध्ये ७३८ को रु.१ खर्व ८० अर्ब ३१ करोडको लेखापरीक्षण सम्पन्न भएकोमा रु.१४ अर्ब २५ करोड (औषतमा ७.९० प्रतिशत) बेरुजू देखिएको छ । उक्त बेरुजू मध्येअसुल गर्नुपर्ने रु.७० करोड, अनियमित रु.७ अर्ब ४७ करोड, पेश्की बाँकी रु.६ अर्ब ८ करोड देखिएको छ । यस सम्वन्धि विवरण तालिकामा उल्लेख गरिएको छ :

(करोडमा)

| प्रदेश नम्वर | स्थानीय तह | लेखापरीक्षण अंक | बेरुजू | बेरुजु बर्गिकरण | | | लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | | असुल गर्नुपर्ने | अनियमित | पेश्की बाकी | |
| प्रदेश नं.१ | १३७ | ३८९३ | २२१ | १५ | १३७ | ६८ | ५.६७ |
| प्रदेश नं.२ | १२१ | २६५९ | ३५३ | १६ | १६१ | १७७ | १३.२७ |
| प्रदेश नं.३ | ११९ | ४०५० | ४५३ | १७ | ३०३ | १३३ | ११.१९ |
| प्रदेश नं.४ | ८५ | १७६४ | ८९ | ८ | ४१ | ४० | ५.०४ |
| प्रदेश नं.५ | १०९ | २८२९ | १९३ | ७ | ४० | १४५ | ६.८१ |
| प्रदेश नं.६ | ७९ | १११४ | ५३ | ३ | ३२ | १९ | ४.७४ |
| प्रदेश नं.७ | ८८ | १७२२ | ६३ | ४ | ३३ | २६ | ३.६८ |
| **जम्मा** | ७३८ | **१८०३१** | **१४२५** | **७०** | **७४७** | **६०८** | **७.९०** |

- लेखापरीक्षण अंक सवैभन्दा वढी प्रदेश नं.३ का स्थानीय तहमा रु ४० अर्ब ४९ करोड रहेको छ भने सवैभन्दा कम प्रदेश नं.६ का स्थानीय तहमा रु.११ अर्ब १४ करोड रहेको छ । बेरुजुको तुलनामा सवैभन्दा घटी प्रदेश नं ७ का स्थानीय तहमा औषत ३.६८ प्रतिशत र सवैभन्दा वढी प्रदेश नं २ का स्थानीय तहमा औषत १३.२७ प्रतिशत बेरुजु रहेको छ ।

- **समान प्रकृतिका व्यहोराको संक्षिप्त झलक**

# सार्वजनिक जवाफदेहिता

## बजेट अनुशासन

- एकमुष्ठ रकम अर्थ विविधमा राखी खर्च गरेको,
- सबै वैदेशिक सहायता बजेटमा समावेश नगरेको र लेखापरीक्षण नगराएको,
- कानुननमा नभएको स्रोत सुनिश्चितता दिएको,
- वर्षान्तमा कोष, समिति, संगठित संस्थामा ट्रान्सफर गरेको रकम बचत रहेको,
- बहुवर्षिय ठेक्का गरी ठूलो दायित्व सिर्जना गरेको,
- कानुन प्रतिकूल रकमान्तर गरेको र बजेटभन्दा बढी खर्च गरेको,
- पुँजीगत खर्च अपेक्षित रुपमा नबढेको,
- अनुदानको अनुगमन कमजोर रहेको ।

## सार्वजनिक खरिद व्यवस्थापन

- समयमा ठेक्का व्यवस्था नभएको,
- ठेक्काको काम म्यादभित्र सम्पन्न नगरी म्याद थप गर्दै गएको,
- पूर्वनिर्धारित क्षतिपूर्ति असुल नभएको
- म्यादभित्र कार्य सम्पन्न नगर्नेलाई कारबाही नभएको,
- विद्युतिय खरिद पुर्ण रुपमा लागु नभएको,
- भेरिएसनबाट काम थप गरेको,
- डिजाईन/लागत अनुमान यथार्थपरक नभएको,
- नपाउने मूल्यवृद्धि भुक्तानी दिएको,

## आयोजना व्यवस्थापन

- आयोजना पुर्वतयारीको गृहकार्य नगरेको,
- आयोजनाको प्राथमिकिकरण नगरेको,
- टुक्रे आयोजना सञ्चालन गरेको,
- पर्याप्त बजेट बेगर आयोजना अधुरो रहेको,
- आयोजना सञ्चालनमा समन्वय नभएकोले लक्ष्यअनुसार प्रगति नभएको,
- राष्ट्रिय गौरवका आयोजनाहरु योजनाबद्ध तवरले सञ्चालन नभएको,
- वैदेशिक सहायताको न्यून उपयोग भएको,
- आयोजनाको समय र लागत वृद्धि भएको ।

## जिम्मेवारी र जबाफदेहिता

- लेखापरीक्षण र बेरुजू फछ्यौंट नगराउँदा कुनै कार्वाही नभएको,
- सार्वजनिक लेखा समितिको निर्णय कार्यान्वयन तथा अनुगमन नभएको,
- कार्यक्रम सञ्चालनमा जबाफदेही बनाउन नसकेको,
- सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता पालना नभएको,
- कार्यसम्पादन सम्झौता कार्यान्वयन नभएको,
- बेरुजू उपर कारबाही गरी असुल फछ्यौंट नगरेको,
- सम्पत्तिको संरक्षण र उपयोग प्रभावकारी नभएको ।

## आन्तरिक नियन्त्रण, कारोबारको यथार्थता

- नियन्त्रण प्रणाली सबल नभएको, जिम्मेवार व्यक्तिबाट अनुगमन निरीक्षण नभएको,
- आन्तरिक लेखापरीक्षण विश्वसनीय नभएको,
- सञ्चितकोषको लेखा र एकल खाता कोषले सबै कारोबार नसमेटेको,
- नेपाल वित्तीय प्रतिवेदन मान कार्यान्वयन नगरेको,
- कम्प्युटरमा आधारीत लेखाप्रणाली लागु भैनसकेको,

## राजस्व प्रशासन

- करोडौंको कारोबार गरे पनि करको दायरामा नआएको,
- यथार्थ कारोबार नदेखाएबाट घटी कर असुल भएको,
- असम्बन्धित खर्च दाबी गरी न्यून कर असुल भएको तथा कर परिपालना कमजोर रहेको,
- मूल्य अभिवृद्धि कर क्रेडिट बढेको,
- फरक भन्सार दरबन्दी लगाएबाट कम महसुल उठेको,
- भन्सार तथा बजारमा न्यून विजकीकरणको नियन्त्रण नभएको,
- राजस्व छुट र बक्यौता बढ्दै गएको,
- कर प्रशासनको अनुगमन र कर परीक्षणको गुणस्तर कमजोर रहेको,
- निःशुल्क सञ्चालक साफ्टी दिएको ।

## संस्थान सञ्चालन

- अधिकाश संगठित संस्था नोक्सानीमा रहेको,
- शेयर तथा ऋण लगानीको हिसाब यथार्थपरक नरहेको,
- अनुत्पादक खर्च नियन्त्रण नभएको,
- स्रोत बेगर असीमित दायित्व व्यवस्था गरेको,
- समयमा लेखापरीक्षण नगराउने एवं प्रतिवेदन उपर प्रतिक्रिया नदिएको,
- निष्क्रिय संस्थामा प्रशासनिक खर्चको लागि ऋण लगानी गरेको,
- सम्पत्तिको अभिलेख तथा संरक्षण गर्न नसकेको,

## सेवा प्रवाह व्यवस्थापन

- सरकारी सेवा प्रवाह कमजोर भएको,
- कतिपय निकायमा जनशक्तिको पदपूर्ति नभएको,
- उपकरणहरु प्रयोगमा नआएको,
- प्रदुषित वातावरणबाट जनस्वास्थ्यमा असर परेको,
- इ-टोकन प्रणाली लागु नभएको, मध्यस्त मार्फत सेवा लिनु परेको,
- सार्वजनिक सुनुवाई प्रभावकारी नभएको,
- गुनासो सुनुवाई प्रभावकारी नभएको,
- विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न नसकिएको
- समय, लागतको बिश्लेषण नगरेको
- स्थानीय तहमा जनशक्ति पर्याप्त नभएको ।

९. **मन्त्रालय/निकायगत कार्य सम्पादनस्तर –** यो बर्षको लेखापरीक्षणबाट देखिएका मन्त्रालयगत एवं निकायगत कार्य सम्पादनमा देखिएका प्रमुख व्यहोरा र बेरुजू अङ्क निम्नानुसार रहेको छ :

| *सि न* | *निकाय/मंत्रालय* | *कार्य सम्पादनमा देखिएका केही व्यहोराहरु* | *बेरुजु रकम (रु.लाखमा )* |
|---|---|---|---|
| १. | व्यवस्थापिका संसद | • संसदीय दलका नेतालाई इन्धन सुविधा दिएको, संसद सदस्यहरुलाई कानुन निर्माण पूर्व नै बढी दरमा भत्ता उपलब्ध गराएको,<br>• संसदका पूर्व पदाधिकारीलाई सवारीसाधन उपलब्ध गराएको | ५८७ |
| २. | सर्वोच्च अदालत | • कानुनबेगर सवारी सुविधा उपलब्ध गराएको, तलब खर्च शीर्षकको रकमबाट विदेश भ्रमण गरेको र पेस्की फछ्यौंट नगरेको,<br>• निर्माण गर्ने भवनभन्दा बढी तलाको लागि लिफ्टको डिजाइन र लागत अनुमान गरेको | १३१३ |
| ३. | निर्वाचन आयोग | • नमूना पत्रको छपाइमा बढी भुक्तानी गरेको, खाना, खाजालगायतको भत्ता दोहोरो भुक्तानी,<br>• दैनिक भत्ता तथा खाना, खाजा खर्च भुक्तानी गरेको, भुक्तानीमा कर कट्टी नगरेको | १९१७ |
| ४. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • निजामती सेवा ऐन विपरीत हुने गरी वर्षौंसम्म कर्मचारी काजमा राखेको,<br>• प्राप्त गुनासा समयमै फछ्यौंट नभएको, नीतिगत व्यवस्थाको अभावमा लगानी बोर्डले उद्देश्यअनुसार कार्य गर्न नसकेको<br>• नेपाल ट्रष्टको सम्पत्ति उपयोग र परिचालन प्रभावकारी नभएको, कर्णाली विकास आयोग प्रभावकारी रुपमा सञ्चालन नभएको, | १३०८ |
| ५. | अर्थ मन्त्रालय | • आर्थिक सुचकांक सकारात्मक नदेखिएको, राजस्वप्रक्षेपण यथार्थपरक नभएको, छूट र बक्यौता बढेको, योगदानमा आधारित निवृत्तभरण व्यवस्था लागु नभएको,<br>• वैदेशिक सहायता वजेट प्रणाली वाहिरवाट परिचालन भएको र सहायताको लेखापरीक्षण नगराएको,<br>• उत्पादनशील क्षेत्रमा कर्जा लगानी नभएको, सवै क्षेत्रमा वैकिंङ्ग प्रणालीको पहुँच पुग्न नसकेको, वीमा व्यवसाय र पुँजी वजारको दायरा बढ्न नसकेको<br>• वजेट तर्जुमा यथार्थपरक नभएको, स्रोत सुनिश्चितता अर्न्तगत पटके वजेट निकासा गरेको, सीमा नाघी रकमान्तर गरेको, वर्षान्तमा खर्च गरेको,<br>• सार्वजनिक संस्थानको कार्य सम्पादन ब्यवस्थापन कमजोर रहेको | १६१६३९ |
| | | • सञ्चित कोषको हिसाव ऋणात्मक देखिएको, सोधभर्ना बाँकी रकम बढ्दै गएको,<br>• धरौटीको हिसाव मिलान नगरेको, कार्यसञ्चालन कोषको हिसाव भिडान नगरेको,<br>• आन्तरिक लेखापरीक्षणको प्रभावकारिता  नदेखिएको | |
| | | • राजस्व प्रक्षेपण यथार्थपरक नरहेको, कर कानून परिपालनमा वृद्धि हुन नसकेको<br>• नन फाईलर बढेको, कर प्रशासनवाट सूक्ष्मरुपले वजार अनुगमन हुन नसकेको,<br>• राजस्व वक्यौता असूली न्यून रहेको, जग्गा खरिद विक्री व्यवसाय गरेकोमा कर छुट भएको<br>• चिकित्सकको पारिश्रमिकमा समेत खर्च कट्टी लिएको, हवाई सेवा कर असुल नभएको<br>•  धितोपत्र कमिशन, मर्चेन्ट बैंक, भिसा प्रोसेसिङ, ट्रेकिङ व्यवसाय, क्याफ्टेरिया, कार्ड कारोवार आदिमा मूल्य अभिवृद्धि कर असुल नगरेको,<br>• फरक वित्तीय विवरण उपर अनुगमन नगरेको, शेयरको निसर्गमा पुँजीगत लाभकर असुल नगरेको, नपाउने मूल्य अभिवृद्धिकर फिर्ता दिएको, | |
| | | • मूल्याङ्कन यथार्थपरक नरहेको, फरक दरवन्दी प्रयोग गरी घटी राजस्व असुल गरेको,<br>• मालवस्तुको जाँचमा मूल्य अभिवृद्धिकर छुट भएको, पैठारी भएका मालवस्तुमा अन्तशुल्क घटी असुल गरेको | |
| ६. | आपूर्ति मन्त्रालय | • राष्ट्रिय आपूर्ति कम्पनी निर्माण गर्ने, पेट्रोलियम पदार्थको भण्डार क्षमता बढाउने, नीति तथा कानुन तर्जुमा तथा परिमार्जन गर्ने, खाद्यान्न भण्डार गर्ने, स्थानीय उत्पादन खरिद तथा बिक्री गर्ने, आयोडिनयुक्त नून ढुवानी गर्ने कार्य लक्ष्यअनुसार नभएको,<br>• बजार अनुगमन तथा निरीक्षण गर्ने दरबन्दी पदपूर्ति नभएको, आपूर्ति व्यवस्थाको अनुगमन गर्दा प्रचलित कानुनको उल्लङ्घन गर्ने व्यापारिक संस्थालाई दिएको निर्देशन पालना नभएको, खर्च नभै बाँकी रहेको रकम सञ्चितकोष दाखिला नगरेको, अनुगमन तथा निरीक्षण कार्य प्रभावकारी नभएको | ३८३ |
| ७. | उद्योग मन्त्रालय | • निर्यात प्रवर्द्धनको लागि नगद प्रोत्साहन उपलब्ध गराएकोमा समेत निर्यात वृद्धि हुन नसकेको, विशेष आर्थिक क्षेत्र सञ्चालनमा आउन नसकेको,<br>• पेट्रोलियम अन्वेषण गर्दा प्राप्त तथ्याङ्क नष्ट भएको, उत्पादनमा तोकिएको गुणस्तर कायम नगरेको, इजाजतपत्र बेगर गुणस्तर चिन्ह प्रयोग गरेको,<br>• अनुमति लिई उत्खनन् नगर्ने उद्योगको इजाजत पत्र रद्द नगरेको, खानी उत्खनन् तथा | २३५१ |

| | | | |
|---|---|---|---|
| | | खोज तलासको अनुमति पत्र हस्तान्तरण हुने अवस्थाबाट पँहुच र प्रतिस्पर्धामा असर परेको,<br>• सरकारी निजी साझेदारीमा कार्य गर्न पुंजीगत अनुदान दिदा अवधारणा पत्र, जिम्मेवारी बाँडफाँड, लगानीको दायित्व आदि सम्बन्धमा स्पष्ट सम्झौताबेगर रकम अनुदान दिएको, | |
| ८. | उर्जा मन्त्रलाय | • लक्ष्यअनुसार विद्युत उत्पादन नभएको, निर्माणसँग असम्बन्धित खर्च गरेको<br>• विद्युतीकरणको कार्य छुट्याई भवन निर्माण ठेक्का गराएको, मुआबजा वितरणमा बढी भुक्तानी भएको, रोयल्टी असुल नगरेको, | ८०२३ |
| ९. | कृषि विकास मन्त्रालय | • अनुदान वृद्धिको अनुपातमा उत्पादनमा वृद्धि नभएको, एक जिल्ला एक उत्पादन कार्यक्रमको अनुदान प्रभावकारी रुपमा उपयोग नगरेको, खरिद सामानको उपयोग नगरेको,<br>• मापदण्डबेगर व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) स्थापना गरेको,<br>• सँगठन संरचना थप गरी अनावश्यक खर्च गरेको,संगठन संरचना छरितो नभएको | २१४९९ |
| १०. | खानेपानी तथा सरसफाई मन्त्रालय | • आफ्नै जनशक्तिबाट हुने कार्य परामर्शदाताबाट गराएको, आधारबेगर दाबी भुक्तानी गरेको<br>• खानेपानी महसुल शुल्क असुल नभएको, नपाउने मूल्य समायोजन भुक्तानी गरेको,<br>• समयमा नै खानेपानी योजना सम्पन्न नभै अधुरो रहेको, नियमअनुसार नमिल्ने अतिरिक्त पेस्की दिएको, निर्माण कार्यको मूल्याङ्कन हुनुभन्दा अगाडि नै अग्रिम भुक्तानी गर्ने गरेको,<br>• खरिद सम्झौताबमोजिम विवादको एमिकेवल सेटलमेन्ट नभएको,<br>• अन्य निकायसँगको समन्वयको अभावमा पाइपको क्षति भएको, ऋण सम्झौताको कार्यान्वयनमा डलरको अनुपात बढाई थप व्ययभार पारेको,<br>• समयमा नै ढल निर्माण सम्पन्न नभई खानेपानी तथा वायु प्रदूषण तथा जनजीवन जोखिममा परेको, मेलम्ची खानेपानी सञ्चालनको तयारी कमजोर रहेको,<br>• अलग अलग निर्माण व्यवसायीबाट एकै सडकमा अलग अलग समयमा कार्य गराई वातावरण तथा आवागमनमा कठिनाइ परेको,<br>• भूमिगत स्रोतको पानी र ट्यांकरद्वारा वितरित पानीको स्तर र नियमन नभएको | ५७५०१ |
| ११. | गृह मन्त्रालय | • कार्यविधिको पालना नगरी आर्थिक सहायता वितरण गरेको,<br>• उपत्यकामा ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको, सीमा सुरक्षा, राजस्व गस्ती प्रभावकारी नभएको, अपराध नियन्त्रण कार्य प्रभावकारी नभएको,<br>• राष्ट्रिय परिचय पत्र वितरणमा विलम्ब भएको,<br>• विदेशीहरुको अध्यागमन अभिलेख नभएको, हवाई मार्गबाट आवत जावत गर्ने यात्रुहरुको कम्प्युटर अभिलेख अद्यावधिक नरहेको,<br>• कारागारहरुमा क्षमताभन्दा बढी बन्दी रहेको, समाजमा सुरक्षाको प्रत्याभूति हुन नसकेको,<br>• जिल्ला प्रशासन कार्यालयबाट चुस्त सेवा प्रवाह हुन नसकेको, कल्याणकारी कोष प्रभावकारी ढङ्गले सञ्चालन नभएको | २३१०७ |
| १२. | जनसंख्या तथा बातावरण मन्त्रलाय | • प्रदूषण नियन्त्रण शुल्क प्रदूषण नियन्त्रण कार्यमा उपयोग नगरेको,<br>• वायु प्रदूषण नियन्त्रणको लागि प्रभावकारी कार्य नभएको,<br>• वातावरण संरक्षण ऐन, नियमावली विपरीतको कार्य निरुत्साहित गरी नसकेको,<br>• मापदण्डबेगर लघु जलविद्युतमा अनुदान दिएको, उपलब्ध बजेट उपयोग गर्न नसकेको,<br>• कार्वन व्यापारबापत प्राप्त रकम उपयोग नगरेको | २०५८ |
| १३. | परराष्ट्र मन्त्रलाय | • प्रवासी नेपालीलाई नेपालमा हुने निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था गर्न नसकेको,<br>• ई-राहदानी जारी गर्ने नीति कार्यान्वयन हुन नसकेको,<br>• आवश्यकताको विश्लेषण नगरी दूतावासहरुको स्थापना गरेको,<br>• नियोगको भवन खरिद गर्ने बजेटले सवारीसाधन खरिद गरेको,<br>• आर्थिक कूटनीति प्रभावकारी हुन नसकेको, हवाई टिकट खरिद मितव्ययी नभएको,<br>• वैदेशिक भत्तामा कर कट्टी नगरेको, बिल बेगर ढुवानी भाडा भुक्तानी गरेको, | ५८१७ |
| १४. | पशुपन्छी विकास मन्त्रालयल | • अनुदानबाट प्राप्त प्रतिफलको अनुगमन नगरेको, कार्यविधि विपरित खर्च गरेको,<br>• व्यवस्थित र सुविधा सम्पन्न पशुवधशाला निर्माण नगरेको,<br>• विभिन्न फार्महरुमा भएको लगानीको प्रतिफल न्यून रहेको,<br>• घुम्ती कोषको एकीकृत आर्थिक विवरण तयार नगरेको, | ६३०० |

| | | | |
|---|---|---|---|
| | | ● वर्डफ्लुको क्षतिपूर्ति वितरण हुन नसकेको, चिकित्सा सेवा प्रभावकारी नभएको | |
| १५. | भूमी सुधार तथा व्यवस्था मन्त्रालय | ● जग्गा विकास गर्दा मापदण्डबमोजिमको बाटो नराखेको,<br>● एक प्रयोजनको लागि वर्गीकरण गरीएको भूमि अर्कै प्रयोजनमा प्रयोग भएको,<br>● कृषि जमिन बाझो राखेमा जरिबाना नलिएको,<br>● सरकारी एवं सार्वजनिक र गुठी जग्गामा भएको अतिक्रमण नरोकिएको,<br>● नयाँ नापी र सेवाग्राहीको निवेदन समयमा कारबाही नगरेको,<br>● जग्गा खरिद बिक्री लगायतको कार्यमा लेखापढी व्यवसायीको संलग्नता र अतिरिक्त भुक्तानीको लागि सेवाग्राहीलाई बाध्य पार्ने गरेको,<br>● हदबन्दीभन्दा बढी जग्गाको व्यवस्थापन नगरेको, भोगाधिकारमा दिएको जग्गालाई लिजमा परिणत गरी शुल्क असुल नगरेको,<br>● सङ्कलन गरेको राजस्व नै दाखिला नगरी मस्यौट गरेको,<br>● पुँजीगत लाभकर छुट दिएको तथा घटी असुल गरेको, रजिष्ट्रेसन शुल्क घटी असुल गरेको | २२८०६ |
| १६. | भौतिक पूर्वाधार तथा यातायत मन्त्रालय | ● सडकको अभिलेख अद्यावधिक नरहेको, तेस्रो चौमासिकमा बढी खर्च गरेको,<br>● कार्यक्षेत्र बाहिरका कार्यक्रमसमेत कार्यान्वयन गरेको, कार्यक्रम स्वीकृत गर्न ढिला गरेको,<br>● सडक सीमाको संरक्षण नगरेको,समयमा सडक मर्मत नगरेको,<br>● खरिदमा स्वच्छ प्रतिस्पर्धा नभएको, सडक एवं पुलको निर्माण सम्पन्न नभई अधुरा रहेको,<br>● लागत अनुमान यथार्थपरक नरहेको, निर्माण कार्यमा समन्वय नभएको,<br>● निर्माणस्थलको व्यवस्था नभई खरिद कार्य गर्न सम्झौता गरेको,<br>● निर्माण व्यवसायीले काममा ढिलाई गरे पनि पूर्वनिर्धारित क्षतिपूर्ति नलिएको,<br>● तोकिएभन्दा फरक तरिकाबाट र बढी मूल्य समायोजन दिएको,<br>● नर्म्स अद्यावधिक नगरेको एवं नेपाल सरकारकै अन्य विभागभन्दा बढी दररेट रहेको,<br>● निर्माण कार्यमा गुणस्तरीयता नरहेको, डिजाइन एण्ड विल्ड सम्झौताबाट काम गराएको,<br>● सवारीसाधनको अभिलेख नरहेको, अस्थायी इजाजतपत्र दस्तुरका नगदी रसिद पेश नगरेको<br>● सवारीसाधन दर्ता नवीकरणको राजस्व हिनामिना गरेको,<br>● रेल लाइन निर्माण र सञ्चालन गर्न रेल सम्बन्धी जनशक्ति नरहेको | २१२६९८ |
| १७. | महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | ● आवधिक योजनाअनुसारको कार्यक्रम वार्षिक कार्यक्रममा नसमेटिएको,<br>● मापदण्डको पालना नगरी अनुदान वितरण गरेको, बक्यौता असुल नगरेको,<br>● निर्माण कार्य पूरा नहुँदै भवनमा राख्ने सामान खरिद गरी अलपत्र रहेको,<br>● राजस्व छुटमा पैठारी भएका सामानको उपयोग स्थिति अनुगमन नगरेको,<br>● गैरसरकारी संस्थाबाट प्राप्त सहयोग राष्ट्रिय प्राथमिकताको क्षेत्रतर्फ केन्द्रित गर्न नसकेको,<br>● अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त रकम गैरसरकारी सस्थाले धार्मिक गतिविधि सञ्चालनमा खर्च गरेको, कानुनविपरीत कार्य गर्ने गैरसरकारी संस्थालाई कारबाही नगरेको | १९०३ |
| १८. | युवा तथा खेलकुद मन्त्रालय | ● युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोष कायविधिको अभावमा सञ्चालनमा नआएको, ग्रामीण युवा उद्यम कार्यक्रममा लक्ष्यअनुसार कार्य नभएको,<br>● वार्षिक मूल्याकन प्रतिवेदन सार्वजनिक नगरेको, समयमै पेस्की फछ्यौंट नगरेको,<br>● संस्था नवीकरण नभएको, खर्च नभएको रकम सञ्चितकोष दाखिला नगरेको,<br>● तोकिएभन्दा बढी पदाधिकारी साग खेलकुदमा सहभागी भएको,<br>● क्रिकेट एकेडेमीको निर्माण कार्य र दशरथ रंगशाला मर्मत कार्यमा ढिलाई भएको | ४४४ |
| १९. | रक्षा मन्त्रालय | ● राष्ट्रिय सुरक्षा सम्बन्धि कानुन तर्जुमा नगरेको, एयरवेश स्थापनामा आंशिक प्रगति गरेको,<br>● अमानतबाट रासन खुवाउदा व्ययभार पारेको, पुरानो प्रतीतपत्रको सामान प्राप्त नभएको<br>● हेलिकोप्टर खरिद गर्दा प्रतिस्पर्धालाई सुनिश्चित नगरेको, निर्माणाधीन मुख्यालय भवन लगायत आन्तरिक निर्माणका सबै भवनको नक्सा पास नगराएको,<br>● सडक आयोजनाको विस्तृत ड्इङ्ग, डिजाइन सहितको लागत अनुमान तयार नगरेको,<br>● दुध र विस्कुट खरिद गर्दा गुणस्तर परीक्षण नगराएको,<br>● कल्याणकारी कोषको लगानी जोखिममा रहेको, पुरानो चार्टर भाडा उठाउन नसकेको,<br>● वीरेन्द्र अस्पताल छाउनीमा विरामी भान्छाघर निर्माण कार्य सम्पन्न नगरी स्थगित गरेको, लिफ्ट जडानको पुरै काम सम्पन्न नगरी पुरै कामको भुक्तानी भएको | ६५९२४ |
| २०. | वन तथा भू | ● भूकम्पपीडितलाई प्रभावकारी रुपमा काठ वितरण नभएको, वन अतिक्रमण भएको, | ४५५९ |

| | | | |
|---|---|---|---|
| | संरक्षण मन्त्रालय | • उत्पादित बिरुवा र वृक्षारोणको अभिलेख नभएको, वन क्षेत्रको आय न्यून रहेको,<br>• वैज्ञानिक वन व्यवस्थापनको प्रभावकारी कार्यान्वयन नगरेको,<br>• काठको व्यवस्थापन प्रभावकारी नरहेको, खोटो सङ्कलन व्यवस्थित नभएको,<br>• यार्सागुम्बा लिलाम प्रतिस्पर्धी नभएको, नपाउने प्राविधिक ग्रेड भुक्तानी गरेको,<br>• प्राणी उद्यान निर्माण गर्दा गुणस्तरीय कार्य नभएको, फेवा संरक्षण आयोजनाले संरक्षण क्षेत्र घोषणा र अतिक्रमण मुक्त नगरेको, अन्नपूर्ण क्षेत्रको प्रवेश शुल्क लामो समयदेखि पुनरावलोकन नभएको, मूल्य अभिवृद्धि कर असुल नगरेको,<br>• सार्वजनिक जग्गा प्रयोगको अभिलेख नराखेको र अनुगमन नभएको | |
| २१. | वाणिज्य मन्त्रालय | • एकीकृत जाँच चौकी सञ्चालन हुन नसकेको, दोधारा चाँदनीमा सुख्खा बन्दरगाह निर्माणको लागि सम्भाव्यता अध्ययन कार्य सम्पन्न नभएको,<br>• प्रयोगशाला निर्माणको कार्यमा ढिलाइ भएको, वस्तुको प्रत्यक्ष बिक्री व्यवस्थापन तथा नियमन गर्ने ऐनको कार्यान्वयनका लागि नियमावली तयार नभएको,<br>• प्रशोधन केन्द्र निर्माण, भण्डारणको लागि सामान वितरण, अन्तर्राष्ट्रिय मेला आयोजना लगायतमा गरिएको खर्च प्रभावकारी नभएको, नर्यातभन्दा आयात १३.५ गुणा बढी रहेको,<br>• अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा वाणिज्यदूतावाससँगको समन्वय, निर्देशन र नियन्त्रण कार्य प्रभावकारी नभएको, साफ्टाको कार्यान्वयनबाट लाभ लिन नसकेको,<br>• व्यापार व्यवसायको लागि दिएको अनुमतिपत्रको शर्तको पालना, नवीकरण र कारोबार सञ्चालनलगायतको अनुगमन प्रभावकारी नभएको | ४३० |
| २२. | विज्ञान तथा प्रविधि मन्त्रलय | • आवधिक योजनाअनुसारको कार्यक्रम वार्षिक कार्यक्रममा नसमेटिएको,<br>• १० वर्ष अघि शिलान्यास भएको विज्ञान अध्ययन केन्द्रको निर्माण कार्य शुरु नभएको,<br>• डिजिटल हस्ताक्षर कार्यक्रमसम्बन्धी प्रचार प्रसार प्रभावकारी नभएको,<br>• हस्तान्तरित सामानको सदुपयोग सम्बन्धमा अनुगमन नगरेको | १२ |
| २३. | शहरी विकास मन्त्रालय | • बजेट सिद्धान्तविपरीत कन्टिन्जेन्सी खर्च गरेको, भवन निर्माण कार्य अधुरो रहेको,<br>• कार्यक्रमबेगर खर्च गरेको, निर्माणसम्बन्धी मापदण्डको पालना नगरेको,<br>• ऋण फिर्ता नभएको, फरक नर्म्स प्रयोग गरेको, सोझै खरिद गरेको, गैरसरकारी संस्थाबाट निर्माण कार्य गराएको, मुआव्जा बढी भुक्तानी गरेको,<br>• दर विश्लेषणबेगर लागत अनुमान गरेको, लागत अनुमान गर्दा बढी दररेट राखेको, पूर्वनिर्धारित क्षतिपूर्ति नलिएको | ५१२४२ |
| २४. | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | • लेखापरीक्षणबाट ऐनको सीमाभन्दा बढी रकमान्तर गरेको, असम्बन्धित कार्यमा खर्च गरेको,<br>• भूकम्पपश्चात् क्षतिग्रस्त भवनको पुनर्निर्माण कार्यमा ढिलाई भएको,<br>• राहत तथा क्षतिपूर्ति, शिविर व्यवस्थापन कार्य विभिन्न निकायबाट कार्यान्वयन गरेकोमा सोको अद्यावधिक विवरण र अभिलेख समावेश गरी प्रगति प्रतिवेदन तयार नगरेको,<br>• फिज गर्नुपर्ने रकम सञ्चित कोष दाखिला नगरी मौज्दात राखेको | ३५१ |
| २५. | शिक्षा मन्त्रालय | • कार्यक्रम खर्चबाट प्रशासनिक खर्चमा रकमान्तर गरेको, जिल्लाबाट खर्च हुने कार्यक्रमको बजेट लागी मन्त्रालयको बजेटमा समावेश गरेको, अनुदानको रकमको अनुगमन नगरेको,<br>• अनुदान खर्च नभएकोमा सञ्चित कोष फिर्ता नगरेको, अनुदान सम्बन्धी नीति तय नगरेको,<br>• विद्यार्थीको सिकाईस्तर घट्दै गएको, निजीको तुलनामा सरकारी विद्यालयको एस.ई.ई. नतिजा कमजोर रहेको, परामर्शदातालाई सवारी साधन भाडाबापत अस्वभाविक रकम उपलब्ध गराएको, अख्तियारी ढिला दिएकोले विद्यालय भवन निर्माण कार्य सम्पन्न नभएको,<br>• सामुदायिक विद्यालयलाई शिक्षक तलव भत्ता तथा अन्य कार्यक्रममा बढी निकासा दिएको, उत्तरपुस्तिका आवश्यकताभन्दा बढी छपाई गरेको,<br>• प्राविधिक शिक्षा तथा तालिम सञ्चालनको लागि स्थायी सम्बन्धन नदिएको, तालिम खर्चमा थप व्ययभार पारेको | १०७९२९ |
| २६. | श्रम तथा रोजगार मन्त्रलाय | • कार्यस्थल दुर्घटना बीमा, बिरामी र औषधि उपचार लागु गर्ने सम्बन्धी कार्यविधि नबनेको, व्यवसायजन्य स्वास्थ्य र सुरक्षासम्बन्धी नीति निर्माण नभएको,<br>• वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको हकहित संरक्षण तथा सुरक्षासँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन हुन नसकेको, निशुल्क हवाई टिकट तथा भिसासम्बन्धी व्यवस्थाको | १८८६ |

| | | | |
|---|---|---|---|
| | | प्रभावकारी कार्यान्वयन नभएको,<br>● वैदेशिक रोजगारमा जाने कामदारलाई श्रम इजाजत प्रदान गर्दा पहिले आउनेले पहिले सेवा पाउने पद्धति नरहेको, सेवा पाउन पेस गर्नुपर्ने कागजात र प्रकृयाको सम्बन्धमा अन्यौल भएको, बिचौलियामार्फत सेवा लिनुपर्ने अवस्था रहेको,<br>● वैदेशिक रोजगारीको सिलसिलामा ठगीमा परेका व्यक्तिलाई क्षतिपूर्ति दिलाउने गरे तापनि बढी बिगो दाबी हुने संस्थागत मुद्दाहरुको फछ्र्यौटमा पर्याप्त ध्यान नदिएको, वैदेशिक रोजगार विभागअन्तर्गत काठमाडौ कार्यालयमा दरबन्दीभन्दा बढी कर्मचारी रहेको,<br>● सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकम तोकिएको कार्यमा खर्च नभएको | |
| २७. | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयतर्फ | ● तीर्थस्थल तथा देवालयको भेटीघाटी व्यवस्थापन हुन नसकेको,<br>● संरक्षीत स्मारक क्षेत्रमा घरहरु मापदण्ड विपरित निर्माण गरेको,<br>● धरहरा पुनःनिर्माण कार्यमा अन्यौलता रहेको, क्षति भएका सम्पदाको पुनः निर्माणमा ढिलाई भएको, वायू सेवा कम्पनिलाई नविकरण गर्नुपर्ने दायित्व वाट उन्मुक्ति दिएको, पर्वतारोहण शुल्कको अनुगमन नगरेको, पुरानो ढुकुटीमा रहेका सामग्री प्रदर्शनीमा नराखेको<br>● क्यासिनो इजाजत नविकरण नगरेको तथा रोयल्टी असुल नभएको, | ५९२५ |
| २८. | संघीय मामिला तथा स्थानीय विकास मन्त्रलय | ● भूकम्प आपतकालीन सहायताबाट सवारी साधन खरिद गरेको, नपाउने मूल्य बृद्धि भुक्तानी गरेको, भूकम्प प्रभावितको आवास निर्माण कार्य प्रभावकारी नभएको, तुइनलाई झोलुगेपुलमा बिस्तापन गर्ने कार्यमा ढिलाई भएको,<br>● जिल्ला समन्वय समितिले कार्यान्वयन गरेको योजना अधुरा रहेका, पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेको, सीमाभन्दा बढी प्रशासनिक खर्च गरेको, सञ्चित कोष दाखिला गर्नुपर्ने रकम जिल्ला समन्वय समिति कोषमा दाखिला गरेको,<br>● स्थानीय तहतर्फ रकम हिनामिना भएको, सम्पत्ति एवं घर बहाल लगायतका कर असुली नभएको, लेखापरीक्षण नगराएको | ११३६४४ |
| २९. | सहकारी तथा गरिबी निबारण मन्त्रलाय | ● अनुदानको प्रभावकारी रुपमा कार्यान्वयन नभएको, गरिबीको रेखामुनि रहेका नागरिक पहिचान गरी राष्ट्रिय परिचयपत्र वितरण नभएको, सहकारी संस्थाको अनुगमन कार्य प्रभावकारी नभएको,<br>● फरार सहकारी संस्थाका सञ्चालकलाई कारबाही हुन नसकेको, बचत तथा निक्षेपको सुरक्षा व्यवस्थापन प्रभावकारी हुन नसकेको | १०३१ |
| ३०. | सिँचाई मन्त्रालय | ● सिँचाइ नीतिको कार्यान्वयन नभएको, वर्षैभरि सिँचाइ सुविधा उपलब्ध नभएको, एकीकृत डी.पी.आर. तयार नभएको, नदी उकास जग्गाको अभिलेख नराखेको,<br>● अधिकार बेगर नर्म्स स्वीकृत गरी कार्य गरेको, निर्माण स्थलको व्यवस्था नगरी ठेक्का लगाएको, नहर सञ्चालन पूर्व संरचना क्षति, गुणस्तर परीक्षण बेगर भुक्तानी गरेको<br>● विभागीय जनशक्ति उपयोग नगरी बाह्य परामर्शदाताबाट परामर्श सेवा लिएको, विस्तृत सम्भाव्यता अध्ययन बेगर आयोजना छनौट गरी बजेट विनियोजन गरेको, | २३१६४ |
| ३१. | सूचना तथा सञ्चार मन्त्रालय | ● फ्रिक्वेन्सीको न्यूनतम दस्तुर तोक्न ढिलाई गरेकोले प्राप्त हुने राजस्व घाटा भएको, फोर जी सेवा सञ्चालन अनुमति दिँदा बढाबढको प्रक्रिया नअपनाई न्यूनतम दस्तुरको आधारमा दिएको, न्यूनतम फ्रिक्वेन्सी दस्तुर घटी असुल गरेको, चार सेवा प्रदायकले थप फिक्वेन्सी दस्तुर, अधिकतम फ्रिक्वेन्सी दस्तुर तथा भिस्याटको अग्रिम दस्तुर दाखिला नगरेको,<br>● दूरसञ्चार रोयल्टी घटी दाखिला गरेको, रोयल्टी तथा फ्रिक्वेन्सी किस्ताबन्दीमा दाखिला गरेको, नेपाल दूरसञ्चार प्राधिकरणले सञ्चिति रकम सञ्चित कोष दाखिला नगरेको,<br>● विज्ञापनरहित नीति लागू नगरेको, स्वीकृत ड्इङ्ग डिजाइनभन्दा फरक हुने गरी अप्टिकल फाइबर बिछ्याएको, निजी क्षेत्रबाट सञ्चालित हुलाक सेवा इजाजतबेगर सञ्चालन भएको,<br>● हुलाक बचत बैङ्क र टेलिसेन्टर सञ्चालन स्थितिको. पुनरावलोकन नगरेको | १३७०८ |
| ३२. | स्वास्थ्य मन्त्रालय | ● राष्ट्रिय स्वास्थ्य नीतिको प्रभावकारी कार्यान्वयन नभएको,स्वास्थ्य संस्थाहरुको भवन निर्माणमा विलम्ब भएको, अस्पतालको सञ्चालन अनुमतिको म्याद समाप्त भएकोमा पनि नवीकरण नै नगराई सञ्चालन गरेको,<br>● चिकित्सकको पदपूर्ति नभएको, शल्यक्रियाका लागि सर्वसाधारणले लामो समय पालो कुर्नु परेको, निःशुल्क उपचारका लागि आवश्यक औषधि शून्य मौज्दात रहेको, सबै अस्पतालले फार्मेसी सञ्चालन नगरेको, बिरामीका चापअनुसार चिकित्सक तथा उपकरण भौतिक पूर्वाधार नहुँदा सेवा प्रभावित भएको, | २६४२२ |

| | | | |
|---|---|---|---|
| | | • अस्पतालजन्य उत्पादित फोहोरको व्यवस्थापन हुन नसकेको, अनुगमन कार्यलाई प्रभावकारी बनाउन नियमनकारी निकाय नभएको, खरिद कानुन प्रतिकूल हुनेगरी खरिद कार्य गरेको,<br>• औषधि पसलको प्रभावकारी अनुगमन नभएको, ऐनविपरीत फार्मेसी सञ्चालन भएको, दातृ निकायसँग भएको सम्झौता विपरीत खर्च गरेको, बीमा कार्यक्रम प्रभावकारी नभएको,<br>• बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको पूर्ण क्षमतामा शैक्षिक कार्यक्रम सञ्चालन नभएको, प्रतिस्पर्धा प्रभावित हुने गरी बोलपत्र कागजात तयार गरेको, नपाउने रकम भुक्तानी दिएको, खरिद भएका उपकरण सञ्चालनमा नआएको, सम्झौताको शर्त विपरीत भुक्तानी भएको, कर असुली तथा दाखिला नगरेको,<br>• कान्ति बाल अस्पतालले फार्मेसीको आय तलबमा खर्च गरेको, बी.पी. कोइराला क्यान्सर अस्पतालले सेवा प्रभावकारी बनाउन नसकेको, संकटग्रस्त बैङ्कमा रकम जम्मा गरेको | |
| ३३. | राष्ट्रिय योजना आयोगको सचिवालय | • राष्ट्रिय विकास समितिको निर्देशनको कार्यान्वयन नभएको, उपयुक्तता र अपेक्षित प्रतिफलको आधारमा कार्यक्रम सञ्चालन नगरेको,<br>• वर्षान्तमा कार्यक्रम संशोधन र स्वीकृत दिएको र सो कोअसर मूल्याङ्कन नगरेको,<br>• नयाँ नेपाल निर्माण कोष स्थापना र सञ्चालन गर्दा आवश्यकता, औचित्य र संरचनाको बारेमा ध्यान नदिएको | ४९ |
| ३४. | अन्य ६ निकाय तथा मन्त्रालयको | | २२४ |
| | | **जम्मा** | ९४८१५४ |

**१०. प्रति व्यक्ति ऋण दायित्व :–** महालेखा नियन्त्रक कार्यालयले पेस गरेको विवरणमा २०७३।७४ सम्म नेपाल सरकारको कुल ऋण दायित्व रु.६ खर्ब ९७ अर्ब ६९ करोड रहेको छ । जसमध्ये आन्तरिक ऋण रु.२ खर्ब ८३ अर्ब ७१ करोड र वैदेशिक ऋण रु.४ खर्ब १३ अर्ब ९८ करोड रहेको देखिन्छ । उक्त ऋण २०७३।७४ को कुल ग्राहस्थ उत्पादनको २६.८४ प्रतिशत रहेको छ । जसमा आन्तरिक ऋण १०.९१ प्रतिशत र वैदेशिक ऋण १५.९३ प्रतिशत रहेको छ । कुल जनसंख्या २ करोड ८७ लाख २९ हजारलाई आधार मान्दा यो वर्षसम्म प्रतिव्यक्ति कुल ऋण दायित्व रु.२४ हजार २७६।७५ रहेको छ । प्रतिव्यक्ति ऋण दायित्व गत वर्षभन्दा रु.२१४७।३४ ले बढ्न गएको छ ।

**११. लेखापरीक्षण नगराउने निकाय**

- २०७३।७४ मा **गुठी सँस्थान, नेपाल नागरिक उड्डयन प्राधिकरण, राष्ट्रिय आवास कम्पनी लिमिटेड, जनक शिक्षा सामाग्री केन्द्र लिमिटड, नागरिक लगानी कोष, नेपाल रेल्वे कम्पनी र सांस्कृतिक संस्थानले** लेखापरीक्षण सम्पन्न गराएका छैनन् ।
- **राष्ट्रिय बीमा संस्थान र राष्ट्रिय बीमा कम्पनी लिमिटेडले** २०६९।७० देखिको लेखापरीक्षण कार्य गराएका छैनन् ।
- **नेपाल पर्यटन वोर्डले** २०६९।७० देखि २०७२।७३ सम्मको लेखपरीक्षण गराई प्रारम्भिक प्रतिवेदन प्रतिवेदन जारी गरेकोमा सोको प्रतिउत्तर नदिएकोले अन्तिम प्रतिवेदन जारी गर्न सकिएको छैन साथै यस वर्षको लेखापरीक्षण नगराएको स्थिति छ ।
- **नेपाल खानेपानी संस्थानले** ०६९।७० र ०७०।७१ को लागी महालेखापरीक्षकले नियुक्त गरेको लेखपरीक्षकलाई स्रेस्ता पेश नगरी लेखापरीक्षण गराएको छैन । २०७१।७२ देखि ७३।७४ को पनि लेखापरीक्षण लेखापरीक्षण सम्पन्न गराएको छैन ।
- **नेपाल खाद्य संस्थानले** २०६७।६८ देखि देखि ०७०।७१ सम्म्मको लेखापरीक्षण गराई लेखापरीक्षकवाट प्रारम्भिक प्रतिवेदन जारी भए तापनि प्रारम्भिक प्रतिवेदनको जवाफ र वित्तिय विवरण नदिएकोले लेखापरीक्षण सम्पन्न गर्न सकिएको छैन । त्यसपछिका वर्षहरुको लेखापरीक्षण गराएको छैन ।
- **नेपाल औषधी लिमिटेड र उदयपुर सिमेन्ट उद्योग लिमिटेडले** २०७२।७३ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको जवाफ र वित्तीय विवरण पेश नगरेकोले लेखापरीक्षण सम्पन्न गर्न सकिएको छैन भने यस वर्षको लेखापरीक्षण गराएको छैन ।
- **जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले** २०७२।७३ देखिको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको जवाफ र वित्तीय विवरण पेश नगरेकोले लेखापरीक्षण सम्पन्न गर्न सकिएको छैन ।

- **गोरखापत्र सँस्थान र नेशनल ट्रेडिङ्ग लिमिटेड**ले यस वर्षको लेखपरीक्षणको प्रारम्भिक प्रतिवेदनको जवाफ र वित्तीय विवरण पेश नगरेकोले लेखपरीक्षण सम्पन्न गर्न सकिएको छैन ।
- **पशुपति विकास कोषको** आ.व.२०७२/७३ र २०७३/७४ र राष्ट्रिय खेलकुद परिषद्को आ.व.२०७३/७४ को लेखा स्रेस्ता पेश नगरेकोले लेखापरीक्षण भएको छैन ।
- **त्रिभुवन विश्वविद्यालय** र अन्तरगतका निकायहरुको २७८ आर्थिक वर्षको लेखा स्रेस्ता पेश नगरेकोले लेखापरीक्षण भएको छैन ।

## १२. वित्तीय व्यवस्थापनमा सुधारका क्षेत्रहरु

- बजेट तथा खर्च व्यवस्थापन
- विकास निर्माण तथा आयोजना व्यवस्थापन
- सार्वजनिक खरिद व्यवस्थापन
- राजस्व प्रशासनमा सुधार
- सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण
- सार्वजनिक सेवा प्रवाह
- लेखाङ्कन तथा प्रतिवेदन प्रणाली
- आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण
- स्थानीय तहको वित्तीय व्यवस्थापन
- सूचना प्रवाह एवं समन्वय
- जिम्मेवारी र जवाफदेहिता
- अन्तिम लेखापरीक्षणको सबलिकरण

# प्रतिवेदनमा उल्लेख भएका केही व्यहोराहरु

१. **प्राविधिक सहायता -** बजेट वक्तव्यसाथ व्यवस्थापिका-संसदमा पेस गरेको प्राविधिक तथा अन्य सहायता सम्बन्धी विवरणमा २३ मन्त्रालय अन्तर्गत १३६ संझौतामा रु.२५ अर्ब ५५ करोड ४०लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख गरेकोमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४(२) अनुसार प्राविधिक सहायता सम्बन्धी विवरण केन्द्रीय आर्थिक विवरणमा समावेश गर्नुपर्नेमा नगरेकोले सरकारको समग्र आयव्ययको चित्रण हुन सकेको छैन ।

२. **दूरसंचार सेवा दस्तुर** -दूरसंचार र इण्टरनेट सेवा प्रदायकले प्राप्त गरेको दुर संचार र इण्टरनेट सेवा शुल्क(भिओआइपी) रु.१३ अर्ब ८० करोड ५ लाखमा दुरसंचार सेवा दस्तुर असुल नभएकोले रु.१ अर्ब ५१ करोड ८० लाख र सोमा लाग्ने मूल्य अभिवृद्धि कर रु.१९ करोड ७४ लाख समेत रु.१ अर्ब ७१ करोड ५४ लाख राजस्व छुटेको देखिन्छ ।

३. **करको दायरा –** जग्गा, घरजग्गा तथा मोटर खरिद गर्दा आयस्रोत खुलाउनुपर्ने निर्देशिका अनुसार रु.१ करोडभन्दा बढीको घरजग्गा वा मोटर खरिद गर्दा स्रोत खुलाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको छनौटमा परेका ठूला करदाता कार्यालयका क्षेत्राधिकारका करदातासँग खरिद कारोबार गर्ने १२४ व्यक्तिले २०७२।७३ मा रु.२ अर्ब ७३ करोडको सवारी साधन तथा घरजग्गा खरिद कारोवार गरेकोमा करको दायरामा नआएकोले तिनीहरुलाई दायरामा ल्याउनुपर्दछ ।

४. **प्रतिव्यक्ति ऋण -** महालेखा नियन्त्रक कार्यालयले पेस गरेको विवरणमा २०७३।७४ सम्म नेपाल सरकारको कुल ऋण दायित्व रु.६ खर्ब ९७ अर्ब ६९ करोड रहेको छ । जसमध्ये आन्तरिक ऋण रु.२ खर्ब ८३ अर्ब ७१ करोड र वैदेशिक ऋण रु.४ खर्ब १३ अर्ब ९८ करोड रहेको देखिन्छ । उक्त ऋण २०७३।७४ को कुल गार्हस्थ उत्पादनको २६.८४ प्रतिशत रहेको छ । जसमा आन्तरिक ऋण १०.९१ प्रतिशत र वैदेशिक ऋण १५.९३ प्रतिशत रहेको छ । कुल जनसंख्या २ करोड ८७ लाख २९ हजारलाई आधार मान्दा यो वर्षसम्म प्रतिव्यक्ति कुल ऋण दायित्व रु.२४ हजार २७६।७५ रहेको छ । प्रतिव्यक्ति ऋण दायित्व गत वर्षभन्दा रु.२१४७।३४ ले बढ्न गएको छ ।

५. **वर्षान्तमा अख्तियारी एवं खर्च -**यो वर्ष सिंचाई, खानेपानी, सहरी बिकास र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय निकाय अन्तर्गतका इकाईलाई २०७४ आषाढ महिनामा मात्र रु.२३ अर्ब ४ लाख बजेट थप गरी अख्तियारी दिएको छ । त्यस्तै शिक्षा विभागले मातहत कार्यालयलाई रु.८९ अर्ब ११ करोड ८४ लाखको अख्तियारी पठाएको मध्ये रु.२ अर्ब ५१ करोड २५ लाखको अख्तियारी २०७४ आषाढमा पठाएको छ । ढिलो अख्तियारी पठाएको कारण विद्यालयको भौतिक सुविधा विस्तार कार्यक्रम नै प्रभावित भएको छ । महालेखा नियन्त्रक कार्यालयको एकल कोष खाताअनुसार यो वर्षको कुल पुँजीगत खर्च रु.२ खर्ब ८ अर्ब ६७ करोडमध्ये आषाढ महिनामा मात्र रु.८८ अर्ब ३४ करोड (४२.३३ प्रतिशत) खर्च भएको देखिन्छ ।

६. **मुल्य अभिवृद्धि करको अन्तर** – मुल्य अभिवृद्धि करको आधार गणना गर्न अर्थतन्त्रको कुल गार्हस्थ उत्पादन अर्थात् कारोबारबाट छुट, सीमा र शून्य दर कायम गरीएका वस्तु तथा सेवाहरुको कारोबार घटाएछि आउने खुद रकममा मुल्य अभिवृद्धि करको प्रचलित दरले गुणा गरे पश्चात प्राप्त हुने रकम नै मूल्य अभिवृद्धि कर संकलन गर्न सकिने सम्भाव्य रकम हो । मूल्य अभिवृद्धि कर कार्यान्वयनको शुरु वर्ष २०५४।५५ मा कर अन्तर रु.१३ अर्ब ६९ करोड रहेको र २०७३।७४ मा रु.१ खर्ब ३२ अर्ब २३ करोड देखिएको छ । कुल गार्हस्थ उत्पादनको तथ्यांक यर्थाथपरक नभएको कारणले यो अन्तर रकम अझै बढ्ने देखिन्छ । यसरी प्राप्त हुनुपर्ने संभाव्य मूल्य अभिवृद्धि कर रु.१ खर्ब ३२ अर्ब २३ करोड असुली नभएको अवस्था छ ।

७. **स्रोत सुनिश्चितता** -अर्थ मन्त्रालयले २०७३।७४ मा एकमुष्ट रुपमा विनियोजन भएको अर्थ विविध शीर्षकबाट मात्र विभिन्न मन्त्रालय तथा आयोजनाहरुको मागको आधारमा रु.३२ अर्ब ५५ करोड ५९ लाख निकासा दिएको छ । विनियोजन ऐन तथा आर्थिक कार्यविधि ऐन २०५५ विपरित एक बजेट उपशीर्षकमा एकमुष्ट रुपमा रकम विनियोजन गरी स्रोत सुनिश्चितता अन्तर्गत पटके निर्णयका आधारमा अन्य बजेट उपशीर्षकहरुमा निकासा खर्च लेखेको देखियो । त्यसैगरी सालवसाली रुपमा सञ्चालनमा रहेका बिभिन्न तीन कार्यक्रम अन्तर्गतका सडकहरुको लागि २०७४।७५ मा स्थानीय तहमा बजेट विनियोजन भएको हुँदा ति बजेट उपशीर्षकका सम्पूर्ण सडकहरु २०७३।७४ मा फरफारक गरी कुनै दायित्व बाँकी नराख्न निर्देशन दिएकोमा स्रोत सुनिश्चितता एवं बहुवर्षिय सम्झौता गर्ने सहमति लिएका यस्ता योजनाहरुमा रु. २३ अर्ब २३ करोड ६० लाख दायित्व सृजना भएको छ । कानूनी व्यवस्था विपरित बहुवर्षीय सहमति दिएको एवं स्रोत सुनिश्चितता दिएको रकम खर्च गर्न नसक्नाले दायित्व सृजना हुन गएको छ ।

८. **हवाइ सेवा कर** – नेपालबाट प्रस्थान हुने यात्रुहरुको ओसारपसार गर्दा ५ प्रतिशत र नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने हवाई यातायातमा २ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । हवाइ उडान गर्ने एयरलाइन्सहरुले कानूनको उल्लेखित व्यवस्था अनुसार प्रस्थान गरेका यात्रु संख्याको आधारमा लाग्ने कर दाखिला नगरेको, दाखिला गर्नेले पनि न्यून दाखिला गरेका छन् । लेखापरीक्षणको छनौटमा परेका ६ एयरलाइन्सबाट मात्र रु.४१ करोड ६८ लाख राजश्व छुट भएको देखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

९. **नियन्त्रणमा परिवर्तन** – आन्तरिक राजस्व विभाग मातहतका १३ कार्यालयका ४६ करदाताको आय कर ऐनको दफा ५७ बमोजिम स्वामित्व परिवर्तन हुँदा समायोजन गर्न नमिल्ने नोक्सानी समायोजन गरेको रु.१ अर्ब ५६ करोड ७६ लाख, ऐनको दफा २० अनुसार नपाउने नोक्सानी कट्टी पश्चात् कायम हुने लाभमा लाग्ने कर रु.११ करोड ८२ लाख, सम्पत्तिको बजारमूल्य कायम गर्नुपर्ने रु.३१ करोड ७५ लाख, दफा ४० र ४१ को थमौती सहितको निसर्गमा हुने लाभबाट प्राप्त हुने कर रु.६ करोड ९७ लाख र दफा ९५ क (२) ख अनुसारको लाभमा कर रु.३ करोड १९ लाख असुल गर्न, नोक्सानी समायोजन गर्न र सम्पत्तिको पुर्नमूल्यांकन गरी कर निर्धारण गर्नुपर्ने देखिएको छ ।

१०. **शेयरको पूँजीगत लाभकर** – शेयरको वास्तविक तिरेको लागतलाई आधार नलिई बजार मूल्यको आधारमा समायोजन गर्दा बढी लागत खर्च दाबी भएबाट सूचीकृत कम्पनीहरुको बोनस तथा हकप्रद शेयर बिक्रीको मात्र हिसाब गर्दा २०७२।७३ मा वढी दावी गरेको लागत खर्च रु.५ अर्ब ३२ करोड ३० लाख र २०७३।७४ को रु.१० अर्ब २६ करोड ६७ लाख समेत रु.१५ अर्ब ५८ करोड ९७ लाखमा ५ प्रतिशतले हुने कर रु.७७ करोड ९५ लाख पूँजीगत लाभकर घटी दाखिला भएको छ । यसमा संस्थापक शेयर सदस्यको आय वर्ष २०७२।७३ र २०७३।७४ को बोनस तथा हकप्रद शेयर बिक्री मा रु.५ अर्ब ७४ करोड २ लाखमा आयकर ऐन, २०५८ को दफा ९५क अनुसार ५ प्रतिशतले हुने पूँजीगत लाभ कर रु.२८ करोड ७० लाख समेत रु रु.१ अर्ब ६ करोड ६५ लाख राजस्व घटी असुल भएको छ । यस्तो कारोबार विगत वर्षहरुमा समेत रहेकोले थप छानविन गरी ऐनको १३ बमोजिम वास्तविक लागत खर्च मात्र कट्टी गर्ने व्यवस्था हुनुपर्दछ ।

११. **धितोपत्र व्यवसायी कमिशन** – धितोपत्रको मध्यस्तको सेवा प्रदान गर्ने करदाताले सो सेवा उपलब्ध गराए वापत प्राप्त गर्ने दलाली कमिशनमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ अनुसार मूल्य अभिवृद्धि कर छुट नभएकोले यस्तो सेवाको आपूर्तिमा २५ करदाताबाट लाग्ने रु.१६ करोड ६२ लाख मूल्य अभिवृद्धि कर असुल गरेको छैन ।

१२. **उठाएको कर नबुझाएको** –संयुक्त उपक्रमको रुपमा दर्ता भई ठेक्का व्यवसायमा संलग्न करदाताले सरकारलाई बुझाउनुपर्ने विवरण पेश गरी रकम दाखिला गर्न बाँकी देखाएको केही महिना पछि विवरण र

कर नै नबुझाएको, केहिले निरन्तर रुपमा कारावार नभएको विवरण बुझाई कर नतिरेको अवस्था छ । व्यक्ति र राज्यबाट उठाएको मूल्य अभिवृद्धि कर आफैंले घोषणा गरी दाखिला गर्नुपर्ने उल्लेख गर्ने व्यवसायीबाट बर्षौसम्म राजस्व असुल हुन सकेको छैन । विभिन्न उपभोक्ता, व्यवसायी र सरकारबाट उठाएको मूल्य अभिवृद्धि कर राज्यकोषमा दाखिला नगरी अदृश्य भैरहेका यस्ता संयुक्त उपक्रममा संलग्न हुने व्यक्ति/ पार्टनरसमेतलाई जिम्मेवार बनाई १५ कार्यालयका १३८ करदाताको मूल्य अभिवृद्धि कर रु.४५ करोड ५९ लाख असुल हुनुपर्दछ ।

१३. **राजस्व छुट -** भन्सार विभागको आसिकुडा लगायत अन्य स्रोतबाट प्राप्त जानकारीका आधारमा यो वर्षविभिन्न संस्थालाई वस्तु तथा सेवा पैठारी प्रयोजनमा रु.५३ अर्ब ७ करोड ६५ लाख राजस्व छुट दिएको देखिन्छ । सो का अतिरिक्त घिउ, तेल, मोबाइल आदि निर्यात गर्दा राज्यकोषमा प्राप्त भएको मूल्य अभिवृद्धि कर रु.६ अर्ब १२ करोड ५५ लाख फिर्ता दिएको समेत कुल राजस्व छुट ५९ अर्ब २० करोड २० लाख रहेको देखिन्छ । अन्तर्राष्ट्रिय असल अभ्यासअनुसार बजेट वक्तव्यसंगै सरकारले व्यवस्थापिकामा राजस्व छुटको विवरण पेश गर्ने व्यवस्था भएपनि सरकारले सो छुटको कारण राजस्वमा पेश गर्ने गरेको छैन ।

१४. **नक्कली कारोबार –** आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ का करोडौको कारोबार देखाउने ३ करदाताले व्यावसायिक बिषयमा जानकारी नभएका व्यक्तिसँग नागरिकता लिई फर्म दर्ता गराएको, सामान खरिदको स्रोत र विवरण बेगर बिक्री देखाएकोले यस्ता शंस्कास्पद कारोबारमा छानविन गरी ती करदाताले देखाएको ३ वर्षको विक्री रु.१ अर्ब १ करोड ७७ लाखको मूल्य अभिवृद्धि कर क्रेडिट लिएको रु.१३ करोड २३ लाख अमान्य गर्न कर निर्धारण गर्नुपर्ने देखिन्छ ।यी करदातासँग खरिद गरेर लागत तथा मूल्य अभिवृद्धि कर क्रेडिट दावी गर्ने अन्य २८६ करदाताका कारोबार पनि शंकास्पद देखिएकोले ती करदाताको खरिद रु.१५ करोड ५६ लाखमा आयकर तथा मूल्य अभिवृद्धि कर असुल गर्न कर निर्धारण गर्नुपर्दछ ।

१५. **दरबन्दी फरक पारी घटी असुली -** भन्सार कार्यालयहरुले पैठारी भएका सामानको जाँचपास गर्दा आर्थिक ऐन, २०७३ को अनुसुची १ र भन्सार दरबन्दी पुस्तिकामा उल्लिखित संकेत नम्बर अनुसार मालवस्तुको यथार्थ संकेत यकिन गरी जाचपास गर्नुपर्नेमा प्रज्ञापनपत्र परीक्षण गर्दा फरक संकेत नम्बर तथा दरबन्दी लगाई रु.७२ करोड ९७ लाख घटी राजस्व असुल गरेका छन् ।

१६. **पूँजीगत लाभकर –** विभिन्न ६ मालपोत कार्यालय अन्तर्गतका २२९ निसर्गकर्ताले निर्देशिका अनुरुप खर्चको विवरण एवं घोषणा फाराम पेश नगरी पूँजीगत लाभकर रु.१ करोड ९२ लाख असुल नगरेको, बिभिन्न २५ मालपोत कार्यालयका २१७ निसर्गकर्ताले ५ बर्ष अवधि भित्रको रु.२ अर्ब १ करोड ७८ लाखको सम्पत्ति निसर्ग गर्दा ५ प्रतिशत पूँजिगत लाभकर असुल गर्नुपर्नेमा २.५ प्रतिशत मात्र असुल गरेकोले छुट भएको रु.५ करोड १७ लाख, मालपोत कार्यालय ३ का २९ निसर्गकर्ताले घरको भुईतला सहित प्रत्येक तल्लाको अलग अलग क्षेत्रफल खुल्ने प्रमाण नराखेको अबस्थामा रु २ करोड ५७ लाख पुजिगत लाभकर छुट दिएको, ८ मालपोत कार्यालयका ३२७ निसर्गकर्ताले रु. १ अर्ब २४ करोड ३३ लाख भवन बिक्री गर्दा ५ प्रतिशतले रु.६ करोड २२ लाख पुँजिगत लाभकर असुल नगरेको र अन्य १७ मालपोत कार्यालयले २३७ निसर्गकर्ताबाट ५ प्रतिशतका दरले पूजिगत लाभकर कर रु. ६ करोड ५० लाख असुल नगरेको समेत रु. २२ करोड ३८ लाख असुल गर्नु पर्ने देखिएको छ ।

त्यस्तै ७ मालपोत कार्यालयका १२५ व्यवसायीले आफ्नो स्वामित्वमा रहेको जग्गालाई बाटो निर्माण, घडेरीको रुपमा ससाना क्षेत्रफलमा कित्ताकाट, छिमेकीको जग्गाहरुसग प्लट मिलान, ढल निर्माण तथा सिमाना पर्खाल निर्माण आदि कार्य गरी व्यवसायमा प्रयोग गरेकोले सो सम्पत्ति व्यापारिक मौज्दात हुने भएबाट निजहरुको बिक्री रु. १ अर्ब ५१ करोड २८ लाखमा पूँजिगत लाभकर नभई व्यवसायको आयमा लाग्ने ३५ प्रतिशतले हुने आयकर रु.५२ करोड ९९ लाख कर निर्धारण गरी असुल गर्नुपर्ने देखिन्छ ।

पोखरा अन्तराष्ट्रिय विमानस्थल सुधार आयोजनाले १६२ जग्गाधनीलाई रु १ अर्ब ८३ करोड ४४ लाख मुआव्जा भुक्तानी गरी मालपोत कार्यालय पोखराबाट नेपाल सरकारको नाममा जग्गा प्राप्ती गर्दा जग्गाधनीहरुबाट रु.४ करोड ५९ लाख पुँजिगत लाभकर असूल गरेको छैन ।

१७. **हिनामिना –** मालपोत कार्यालय, पर्साले सेवाग्राहीबाट संकलन भएको राजस्व रु ६५ लाख आर्थिक वर्ष समाप्त भएको ७ महिनासम्म दाखिला नगरी हिननामिना गरेकोमा लेखापरीक्षणबाट औंल्याएपछि २०७४/१२/१२ मा असुल भई राजस्व खातामा दाखिला भएको छ ।

१८. **वन अतिक्रमण –** बढ्दो वन अतिक्रमण नियन्त्रण गर्न वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ र वन क्षेत्र सुरक्षा योजना, २०७० तर्जुमा गरी कार्यान्वयनमा ल्याए तापनि गत वर्षसम्म ६२ जिल्लाका ७४० स्थानमा १ लाख २१ हजार २३४ घरधुरीले ९४ हजार २३३ हेक्टर वन र ६ राष्ट्रिय निकुञ्ज तथा आरक्षको ३ हजार ८७६ हेक्टर समेत ९८ हजार १०९ हेक्टर जमिन अतिक्रमण गरी ३० हजार १९४ घर टहरा निर्माण गरेको छ । अतिक्रमण हटाउने रणनीति बनाई कार्यक्रम सञ्चालन गरेतापनि वन क्षेत्र अतिक्रमण मुक्त बनाउन सकेको छैन ।

१९. **काठको मूल्य निर्धारण –**टिम्बर कर्पोरेशनको मूल्य, प्रचलित बजार दर, सरकारी मूल्यांकन बीच ठूलो अन्तर रहेको छ । सरकारी मूल्य साल, सिसौ र ओखर ३ प्रजातिका काठको मूल्य प्रति घन फिट क्रमशः रु.८००, ६०० र ३०० तोकेकोमा टिम्बर कर्पोरेशनले क्रमशः रु.१ हजार ४७१, १ हजार ६७३ र ८५३ एवं प्रचलित बजार मूल्य क्रमशः रु.६ हजार ५००, ६ हजार २०० र १ हजार ५०० रहेको छ । प्रचलित बजार दर एवं सरकारी मूल्य बीच ठूलो अन्तर देखिएकोले बजार मूल्य समेतलाई आधार लिई काठ दाउराको लागत मूल्य कायम गरी लिलाम बिक्री गरिनु पर्दछ ।

२०. **काठ व्यवस्थापन –**जिल्ला वन कार्यालय २६ वाट प्राप्त विवरणअनुसार यो वर्ष बिक्री गरी १३ लाख ९ हजार घनफिट काठ बाँकी रहेको छ । उक्त मौज्दात काठको मूल्य प्रचलित बजार दर रु.५ हजार ५०० को आधारमा रु.७ अर्ब १९ करोड ९५ लाख हुने देखिन्छ । उक्त काठ विगत वर्ष देखि मौज्दात देखाएको तर काठको वास्तविक अवस्था समेत अनिश्चित रहेको छ ।

२१. **क्यासिनो इजाजत र रोयल्टी –**इजाजतपत्र प्राप्त गर्नेले २०७४।७५ को लागि २०७३।७४ भित्रै इजाजतपत्र दस्तुरको पचास प्रतिशतले हुने रकम बुझाई नवीकरण हुनुपर्ने देखिएपनि यस वर्ष पाँच कम्पनीले रु. १४ करोड इजाजत दस्तुर नै नबुझाएको, ६ कम्पनीले रु. ७ करोड नवीकरण राजश्व दाखिला नगरेको, ३ कम्पनीले रु. ७ करोड २५ लाख रोयल्टी नबुझाएको र आधुनिक मेशिन वा उपकरणको माध्यमबाट खेलाइने खेलको लागि एक इजाजतपत्रबाट एक स्थानमा मात्र खेलाउन सकिनेमा एक कम्पनीले ४ स्थानमा सञ्चालन गरेकोमा नवीकरण दस्तुर एक स्थानको रु.५० लाख मात्र दाखिला गरेको हुँदा नपुग रु.१ करोड ५० लाख समेत रु २९ करोड ७५ लाख असूल गरेको छैन ।

२२. **फ्रिक्वेन्सी दस्तुर** -यो वर्ष ४ सेवा प्रदायकले थप फिक्वेन्सी दस्तुर, अधिकतम फ्रिक्वेन्सी दस्तुर तथा भिस्याटको अग्रिम दस्तुरबापत दाखिला गर्नुपर्ने रु. ५५ करोड १ लाख दाखिला गरेका छैनन् । साथै यो वर्ष २ सेवा प्रदायकबाट न्यूनतम फ्रिक्वेन्सी दस्तुर घटी असुल भएको प्रत्येक महिना २ प्रतिशतका दरले थप दस्तुर समेत लगाई रु. १० करोड ५८ लाख असूल गर्नुपर्ने देखिन्छ ।

२३. **विद्युत रोयल्टी** -विद्युत विकास विभागले ६२ जल विद्युत आयोजनाले उत्पादित र जडित क्षमताको आधारमा २०७२।७३ सम्मको उठ्न बाँकी राजश्व समेत रु. १ अर्व ९८ करोड ६६ लाख मध्ये यो वर्ष रु. १ अर्व ४२ करोड ७४ लाख असुल गरी रु. ५५ करोड ९२ लाख असुल गर्न बाँकी रहेको देखिन्छ । आयोजनाले तिर्नु वा वुझाउनुपर्ने रकममा तथा जरिवाना असुल गरेको छैन ।

२४. **महसुल बक्यौता** - विद्युत महसुल बक्यौता गत वर्षको तुलनामा १२.३७ प्रतिशतले वृद्धि भई रु.११ अर्ब १८ करोड ६८ लाख पुगेको छ । यसबाहेक लिन बाँकी रकममध्ये विगतमा शंकास्पद व्यवस्था गरेको रु.५६ करोड ७० लाखलाई यो वर्ष जिम्मेवारीमात्र सारेको छ । रकम उठाउन कुनै प्रयास गरेको छैन । महसुल बक्यौताअन्तर्गत अस्थायी जडानबापत रु.९२ लाख, आन्तरिक खपतबापत रु.५० लाख र सडक बत्तीबापत रु.३ अर्ब १५ करोड २ लाख बक्यौता असुल हुन सकेको छैन । कालोसूचीमा परेका ग्राहकबाट रु.६७ करोड ७७ लाख असुल हुन बाँकी छ ।

२५. **राजस्व मस्यौट –**यातायात व्यवस्था कार्यालय, कोशीले राजस्व आम्दानी र दाखिलाको लेखा परामर्शदाताले तयार गरेको सफ्टवेयरमा राखेको जनाई म्यानुअल लेखा राखेको छैन । कार्यालयबाट प्राप्त विवरण अनुसार २०७३/७४ मा रु.१ अर्ब २५ करोड ७ लाख राजश्व संकलन भएकोमा दुई बैंकमा रु.८७ करोड ७३ लाख मात्र दाखिला भई रु.३७ करोड ३३ लाख दाखिला भएको छैन । यसका अतिरिक्त २०७२/७३ मा रु.८४ करोड १९ लाख राजश्व असुली भएकोमा रु.६० करोड ९ लाख मात्र दाखिला भई रु.२४ करोड १० लाख दाखिला भएको छैन । संकलित राजस्व भन्दा कम दाखिला भएको रु. ६१ करोड ६२ लाख र आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) बमोजिम जरिवाना सहित जिम्मेवार व्यक्तिबाट असुल हुनुपर्दछ ।

२६. **मस्यौट –** बुढी गण्डकी जलविद्युत आयोजनाको मुआव्जा बितरण गर्दा गणनामा फरक परेको व्यहोरा लेखापरीक्षणले औल्याए पश्चात रु. ६ करोड २१ लाख असुल भएको छ । उक्त कारोवारमा संलग्न जिम्मेवार पदाधिकारीलाई आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १५ र २६ तथा अन्य प्रचलित कानून बमोजिम कारवाही गरी सो को जानकारी १५ दिनभित्र उपलब्ध गराउन गृह मन्त्रालय, ऊर्जा मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयलाई २०७४।५।७ मा जानकारी पठाएकोमा ऊर्जा मन्त्रालयवाट आइन्दा यस्तो गल्ती नदोहोऱ्याउन निर्देशन दिने निर्णय भएको व्यहोरा जानकारी गराएको छ । अन्य निकायवाट कारवाही भएको जानकारी प्राप्त हुन आएन ।

२७. **पाइप क्षति –** आयोजाना कार्यान्वयन निर्देशनालयले बिछ्याएको रु.२ करोड ४९ लाख लागतको १० हजार २०२ मिटर पाईपसडक विभाग, काठमाण्डौं महानगरपालिका, वागमती सभ्यता, चक्रपथ सुधार निर्माण आयोजना, टेलिकम, चःमती लेन्डपुलिंग प्रोजेक्टले निर्माण कार्य गर्दा क्षति भएको छ । पाईप लेईडिजाईन गर्दा नै सम्भावित जोखिम पहिचान नगरेको र पाईपको काम गर्दा समन्वय तथा सुपरीवेक्षणको अभाव रहेको कारण क्षति व्यहोर्नु परेको छ । साथै पाइप  विछ्याउने कार्य सडकको वीचबाट भएकोले भविष्यमा मनोरेल, फ्लाईओभर लगायतका संरचना निर्माण गर्न समस्या पर्नेतर्फ  विचार पुऱ्याएको देखिएन ।

२८. **ऋणात्मक निक्षेप** - राष्ट्रिय वाणिज्य बैंकको केही निक्षेप हिसाबमा विगत वर्ष रु.५ करोड ६१ लाख ऋणात्मक मौज्दात रहेकोमा २०७३।७४ को अन्त्य सम्ममा सो ऋणात्मक मौज्दात रु.५ करोड ५७ लाख देखिएकोले सुधार भएको देखिएन । निक्षेपकर्ताले जम्मा गरेको भन्दा बढी रकम बैङ्क खाताबाट निकालेकोले यस्तो रकमबापत बैङ्कले शतप्रतिशत नोक्सानी व्यवस्था गरेको तर बैङ्कलाई नोक्सानी गराउने कर्मचारी तथा पदाधिकारीको पहिचान गरी असुल गरेको छैन ।

२९. **खरिद सम्झौता अन्त्य** -मध्य पहाडी लोकमार्ग आयोजना, पश्चिम खण्ड अर्न्तगत धादिङ जिल्लामा पर्ने कटुन्जे–त्रिपुरेश्वर सडक खण्डको स्तरोन्नति कार्य गर्न एक निर्माण व्यवसायीसंग रु.६ करोड ४९ लाखको सम्झौता भएको छ । बुढीगण्डकी जलविद्युत आयोजना विकास समितिको २०७२।१२।२२ को पत्रबाट उक्त आयोजनाको जलाशयको माथिल्लो भाग समुन्द्री सतहबाट ५४५ मिटर रहेको साथै जुनसुकै संरचनाहरु निर्माण गर्दा सो जलाशयको रेखाभन्दा माथि हुने गरी र भविष्यमा समेत प्राविधिक रुपले सुरक्षित स्थानहरुमा मात्र निर्माण कार्य गर्न जानकारी गराएको आधारमा उक्त ठेक्का अन्त्य गरेको देखियो । जिल्ला प्रशासन कार्यालय, धादिङ्ग तथा सडक विभागबाट उक्त स्थानमा निर्माण कार्य नगर्न २०७२ चैत्रमा जानकारी गराउँदा पनि समयमै ठेक्का अन्त्य नगरी यो वर्षसम्म रु.१ करोड ७० लाख खर्च गरेकोले श्रोत साधनको अपव्यय भएको छ ।

निर्माण व्यबसायीसँग भएको सम्झौता बमोजिम डिभिजन सडक कार्यालय सुर्खेत, दाग, चितवन र पुष्पलाल मध्य पहाडी लोकमार्ग पश्चिमले बिभिन्न ५ निर्माण व्यबसायीको खरिद सम्झौता अन्त्य गरेकोमा थप दायित्व परेको रकम रु.३ करोड ८६ लाख असुल गरेका छैनन ।

३०. **थप व्ययभार -** मेलाम्ची खानेपानी बिकास समिति अन्तर्गतको लामिडाडा मेलम्ची सडकस्तरोन्नतिका लागि एक निर्माण व्यवसायीसँग २०६४।११।१५ मा सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीले २०७०।७१ मा २७ औं बिलबाट भेरिएसन वापत रु.३ करोड ७७ लाख थप भुक्तानी माग गरेकोमा परामर्शदाताले रु.२ करोड ७४ लाख मात्र स्वीकार गरेकाले निमांण व्यवसायीले निर्णय उपर सहमति नजनाई अन्तराष्ट्रिय चेम्वर अफ कमर्शमा निवेदन दिएकोमा उक्त संस्थाले रु.४० करोड ३० लाख आयोजनाले तिर्नुपर्ने गरी निर्णय गरेको छ । सो निर्णय विरुद्ध समितिले पुनरावेदन गर्दा उच्च अदालत पाटनले रु.३८ करोड २७ लाख निर्माण व्यवसायीले पाउने गरी फैसला गरेको छ । सो रकम अदालत मार्फत भुक्तानी गर्ने आदेश भएअनुसार २०७४।३।२२ मा काठमाडौं जिल्ला अदालतलाई भुक्तानी गरेको देखिन्छ । निर्माण व्यवसायीले रु.३ करोड ७७ लाख दाबी गरेकोमा संम्झौताको व्यवस्था अनुसार सौहाद्र बन्दोबस्तको प्रयत्न नगरेकोले रु.३८ करोड २७ लाख क्षतिपुर्ति तिर्नुपर्ने अवस्था सृजना भएको देखियो । फैसला अनुसार रकम भुक्तानी दिने विषयमा समितिले २०७४।२।५ मा सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ । मूद्दाको पुनरावेदन गरिसकेपछि अन्तिम फैसला नहुँदै उक्त रकम भुक्तानी दिएको छ । उक्त क्षतिपुर्ति भुक्तानी गर्दा निर्माण व्यवसायीको नाममा बाँकी रहेको पेश्कीरु.१ करोड ७१ लाख कता नगरी भुक्तानी दिएको र सो कारोबारको मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ बमोजिम कर विवरण पेश गर्नुपर्नेमा सो रकम समावेश नगरेकोले थप दस्तुर ब्याज र जरिवाना समेतले हुने रु.३ करोड १८ लाख असूल गर्नु पर्दछ ।

३१. **पूर्वनिर्धारित क्षतिपूर्ति** - यो वर्ष भौतिक पूर्वाधार, सिंचाई, उर्जा, खानेपानी लगायतका ८ मन्त्रालय अन्तर्गतका निकायले निर्माण व्यवसायीको कारणले कार्य सम्पन्न नभएको अवस्थामा रु.२२ करोड ९९ लाख पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेका छैनन् ।

३२. **विदेश भ्रमण** - जनसंख्या तथा बातावरण मन्त्रालयबाट दातृ निकायले खर्च व्यहोर्ने गरी यस वर्ष विशिष्ट श्रेणीदेखि अधिकृतस्तर र अन्य कर्मचारीसमेत ४२ कर्मचारीले ५० दातृ संस्थाको सहयोगमा ७९ पटक ३७ मुलुकमा ४४५ दिन, महिला बालवालिका तथा समाज कल्याण मन्त्रालयबाट दातृ निकायले सोझै व्यहोर्ने गरी यो वर्ष विशिष्ट श्रेणीदेखि अधिकृतस्तर र अन्य कर्मचारी समेत २४ जनाले १५ दातृ संस्थाको सहयोगमा २६ पटक १० मुलुकमा २३७ दिन, संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय र मातहतका विभाग, कार्यालय तथा नगरपालिका समेतबाट १० देशमा विभिन्न तहका २७२ कर्मचारी अवलोकन, अध्ययन, तालिम र भ्रमणमा गएका छन् । यसैगरी कृषि बिकास मन्त्रालयअर्न्तगतका ५ आयोजनाले ८ देशमा २८६ कृषक तथा कर्मचारीलाई अवलोकन, तालिम तथा अध्ययन भ्रमणमा पठाई रु.६ करोड ६४ लाख खर्च गरेको छ । दातृ निकायले खर्च व्यहोर्ने गरी भ्रमण स्वीकृत गरेकोमा खर्च खुल्ने अभिलेख राखेको छैन ।

३३. **सुन खपत** - बौद्धनाथ क्षेत्र बिकास समिति अर्न्तगत बौद्ध महास्तुप पुनः निर्माण गर्न मुख्य आइटमको रुपमा रहेको हर्मिका, त्रयोदश भुवन, छत्रको सेट तथा गजुर समेतका लागि रु ८ करोड २३ लाखको लागत अनुमान स्वीकृत भएकोमा कार्य सम्पन्न प्रतिबेदनमा उक्त कार्य ५ हजार वर्ग फिटमा गरी रु ३४ हजारका दरले ३१ किलोग्राम सुन समेत रु १७ करोड खर्च भएको उल्लेख छ । पुरातत्व विभागको २०७३/७४ सुनको दर बिश्लेषण अनुसार प्रति वर्ग फिट एक चौथाई (१/४) तोलाको हिसाबले १४.५८० को रु १६ हजार का दरले रु ८ करोड २३ लाख मात्र खर्च हुनुपर्नेमा बढी सुन खपत देखाएको १६.४२० किलोग्रामको मुल्य रु ८ करोड ८८ लाख बढी खर्च गरेकोमा छानविन गर्नु पर्दछ ।

३४. **विमानको कार्यसम्पादन** - नेपाल वायुसेवा निगमले चीनमा निर्माण भएका विमानहरु एम ए ६० अप्रिल २०१४ मा र वाई १२ ई नोभेम्वर २०१४ मा नेपाल ल्याएको थियो । यी दुवैले हाल आन्तरिक उडान गरिरहेका छन् । एम ए ६० को क्षमता ५६ सिट रहेकोमा रु ६ करोड ६७ लाख र वाई १२ ई को क्षमता १७ सिट रहेकोमा रु ३ करोड ९४ लाख वार्षिक संचालन घाटा भएको देखिन्छ ।

३५. **भत्ता खर्च**-नेपाल राष्ट्र बैङ्कका कर्मचारीहरुलाई कर्मचारी सञ्चयकोष, औषधि उपचार कोष, उपदान कोष र कर्मचारी सुरक्षा कोषका अलावा दिएका १९ किसिमका भत्तामध्ये ८ किसिमका भत्ता सबैले र थप ११ किसिमका भत्ता विशेष समूहका कर्मचारीहरुले पाउने गरेका छन् । यस्ता भत्ता बापतको खर्च तलब खर्चको अनुपातमा २०१ प्रतिशत सम्महुन आउँछ । आर्थिक वर्ष २०७३।७४ मा तलब बाहेक रु.१ अर्ब ३४ करोड यस्ता भत्ताबापत खर्च लेखेको छ ।

३६. **प्रोत्साहन अनुदान**- नगद प्रोत्सहन दिन शुरु भएको वर्षमा कुल निर्यात रु.७४ अर्ब २६ करोड रहेकोमा ६ वर्ष पछि २०७३।७४ मा रु.७३ अर्ब १२ करोड रहेबाट निर्यात घटेको देखिन्छ । नगद अनुदान २०६८।६९ मा रु.१६ करोड रहेकोमा २०७३।७४ मा रु.२९ करोड पुगेको छ । नगद प्रोत्साहन अनुदानमा ८१ प्रतिशत वृद्धि हुँदा पनि निर्यात घटेको स्थिति छ । नगद अनुदान प्राप्त गर्ने व्यवसायीहरुको संख्या बढे तापनि नगद प्रोत्साहन अनुदानबाट कुल निर्यातमा सकारात्मक प्रभाव पर्न सकेको छैन ।

३७. **माध्यमिक शिक्षा परीक्षा**- शैक्षिक शत्र २०७२ को नतिजाअनुसार जी.पी.ए. २.०५ देखि ४.० प्राप्त गर्नेको संख्या सामुदायिक विद्यालयतर्फ ४४.८७ प्रतिशत र संस्थागत विद्यालयतर्फ ९५.७४ प्रतिशत रहेको, जी.पी.ए. ० देखि २.० सम्म प्राप्त गर्ने संख्या क्रमशः ५४.८२ र ४.२१ प्रतिशत देखिएको छ । यसैगरी शैक्षिक शत्र २०७३ को नतिजाअनुसार जी.पी.ए. २.०५ देखि ४.० प्राप्त गर्ने संख्या सामुदायिक र संस्थागत विद्यालयतर्फ क्रमशः ४४.८९ र ९५.४७ प्रतिशत रहेको, जि.पि.ए. ० देखि २.० सम्म प्राप्त गर्ने संख्या क्रमशः ५५.४३ र ४.२४ प्रतिशत रहेकोले सामुदायिक विद्यालयतर्फको नतिजा कमजोर देखिएको छ ।

३८. **दरबन्दी पदपूर्ति** - स्वास्थ्य मन्त्रालयअर्न्तगत २०७२।७३ मा प्रशासनिक र स्वास्थ्य सेवाका ३३ हजार १४० दरबन्दी रहेकोमा २८ हजार ३७५ कर्मचारी कार्यरत रही ४ हजार ७६५ दरबन्दी रिक्त रहेको छ । सो मध्ये ७५ जिल्लामा स्वास्थ्य तथा जनस्वास्थ्य कार्यालयअर्न्तगत ४६८ चिकित्सकको दरबन्दीमा १८९ रिक्त रहेको देखिन्छ । त्यस्तै ७५ जिल्लामा १३ हजार ७८५ पारामेडिक्स दरबन्दी रहेकोमा ४ हजार १४६ पद रिक्त

रहेको छ । बी.पी. कोइराला क्यान्सर अस्पताल, चितवनमा स्वीकृत दरबन्दीमध्ये २० प्रतिशत चिकित्सक, ५५ प्रतिशत नर्स र ३१ प्रतिशत पारामेडिक्स पदहरु रिक्त छन् ।

३९. **औषधि शून्य मौज्दात** - सरकारको नीतिबमोजिम निःशुल्क औषधिहरु नियमित एवं सहज रुपमा उपलब्ध गराउनुपर्दछ । स्वास्थ्य सेवा विभागबाट प्राप्त विवरणअनुसार केन्द्रीय मेडिकल स्टोर, पथलैयामा २०७३ श्रावणमा बी.सी.जी, बी.सी.जी. घोलक, पोलियो २०, दादुरा रुवेला, दादुरा रुवेला घोलक र २०७४ आषाढमा पोलियो २० र सिरिन्ज ०.०५ शून्य मौज्दात रहेको देखिन्छ । सुनसरीमा एमोक्सीलिन लगायत ११, झापामा एमोक्सिलिन, सिप्रोफ्लोक्सासिन लगायत १२, ईलाममा पिल्स, डिपो लगायतका ५, ओखलढुङ्गामा जीवनजल सहित ८, सोलुखुम्बुमा पारासिटामोल सहित ४, राप्ती उपक्षेत्रीय अस्पतालमा सालवुटामोल लगायतका ५, राप्ती अन्चल अस्पतालमा आईव्रुफिन सहित ५, जिल्ला जनस्वास्थ्य कार्यालय बारामा सिप्रोपलोक्सासिन २५० एम.जी.तथा धादिङमा क्लोरोम्फेनिकल आई ड्रप, सप्तरीमा मेट्रोनिडाजोल सहित ६ प्रकारका औषधिसमेत शून्य मौज्दात भएको पाइयो । यस्तै सिरिन्जहरु, गज, माक्सजस्ता अत्यावश्यक सर्जिकल सामानको समेत मौज्दात शून्य रहेबाट सेवा प्रवाहमा असर पर्न गएको छ

४०. **म्याद नाघेका औषधि** - यो वर्ष १९ स्वास्थ्य कार्यालयमा १३८ प्रकारका ५ लाख २१ हजार ट्याबलेट र भायल औषधिको मान्य अवधि समाप्त भएको छ । राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुरमा रु.३२ लाखभन्दा बढी मूल्य बराबरका साईलोसिरिन २५० एम.जी. १ लाख ६४ हजार ७०० ट्याबलेट तथा इथाइनोमाइड २५० एम.जी. २८ हजार १०० ट्याबलेटको म्याद पनि समाप्त भएको छ । त्यस्तै ताप्लेजुङ अस्पताललमा क्यालसियम सिरप, ओफ्लोक्सासिलिन, लाइसिप सिरप, ट्राफिको इन्जेक्सन जस्ता ५१ थरी औषधिको म्याद समाप्त भएको कारण नोक्सानी भएको छ ।

४१. **बढी मूल्यांकन –** गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल आयोजनाले अधिग्रहणमा पर्ने ४९८ बिघाको मुआव्जा वापत रु.२३ अर्बको लागत अनुमान बनाएको छ । आयोजनाले २०७४ असाढ मसान्तसम्म रु ७७ लाखमात्र मुअव्जा बितरण गरेकोमा २०७४।११।१ सम्ममा रु ५ अर्ब ७० करोड बितरण गरेको देखिन्छ । मूआव्जा निर्धारण समितिले मूआव्जा बितरणलाई यथार्थपरक मापदण्डको आधारमा तयार गर्नुपर्नेमा गरेको देखिएन । सरकारी दररेट, चलनचल्तीको रजिस्ट्रेशन लिखत मुल्य र बैंकले धितो प्रयोजनको लागि कायम गरेको मूल्यको औसत लिई सोमा मूल सडकको ५ गुणा र अन्य क्षेत्रको ८ गुणा थपगरी मूल्य कायम गरेको छ । सो अनुरुप जग्गाको मूल्यांकन अस्वाभाबिक बढी कायम गई मुआव्जामा थप हुन गएकोले आयोजनाको लागत बढेको छ ।

४२. **सीमित प्रतिस्पर्धा –** सार्वजनिक खरिद ऐनको व्यवस्था विपरीत सिंचाई, शहरी बिकास, सहकारी, खानेपानी, स्वास्थ्य र गृह मन्त्रालयअन्तर्गत संरचना निर्माण र मालसामान खरिद कार्यलाई विभिन्न टुक्रामा लागत अनुमान तयार गरी रु.१ अर्ब ४० करोड ९३ लाखको कार्य प्रतिस्पर्धाबेगर गराएको पाइयो ।

४३. **मूल्य समायोजन** –यो वर्ष भौतिक पूर्वाधार, सिंचाई, खानेपानी लगाएतका ६ मन्त्रालय अन्तर्गतका निकायले आईटमको भेरिएसन, फरक सुचक, ढिलाईको कारण विभिन्न निर्माण व्यवसायीलाई रु १ अर्ब ४८ करोड ६० लाख मूल्य समायोजन भुक्तानी गरेका छन् ।

४४. **भेरिएसन-** सार्वजनिक खरिद कानून र खरिद सम्झौताबमोजिम निर्माण कार्यको भेरिएशन जारी गर्न सक्ने व्यबस्था भएतापनि पूर्वानुमान गर्न सकिने प्रकृतिको कार्यमा समेत भौतिक पूर्वाधार, सिंचाई, खानेपानी, शहरी बिकास लगायतका ५ मन्त्रालय अन्तर्गत निकायहरुले यो बर्ष रु.१ अर्ब २ करोड २२ लाख भेरिएशन थप गरी खर्च गरेको कानून सम्मत देखिएन ।

४५. **विमान खरिद** - नेपाल वायुसेवा निगमले वाइड बडी ए ३३०-२०० विमान खरिद गर्नको लागि प्रति विमान अमेरिकी डलर ११ करोड ८१ लाख ६३ हजार ७७३ लागत अनुमान तयार गरेको छ । आर्थिक विनियमावली, २०६५ को विनियम २३६(१) अनुसार नयाँ विमान निर्माता कम्पनीसँग मात्र खरिद गर्न सकिनेमा सो नगरी अन्तर्राष्ट्रिय बोलपत्रको प्रस्ताव आह्वान भएको छ । पेश भएका बोलपत्र मध्ये सबैभन्दा कम रकम कबोल गर्ने एक आपूर्तिकर्ता (मुख्यतः यात्रु, मालसामान र पार्ट्सहरु ढुवानी गर्ने, हवाई चार्टर गर्ने र हवाई यातायातका उपकरणहरु लिज तथा भाडामा दिने उद्देश्यले स्थापित) समुहको कबोल अंक प्रति विमान अमेरिकी डलर १० करोड ४८ लाखका दरले २ विमान को अमेरिकी डलर २० करोड ९६ लाख स्वीकृत गरी सम्झौता गरेको छ । विमान कम्पनीसँग बोलपत्र आह्वान गर्नुपर्नेमा मध्यस्थ निकाय मार्फत खरिद गर्ने प्रक्रिया कानून बिपरीत छ ।

४६. **अधुरा निर्माण कार्य** - खानेपानी तथा सरसफाई विभाग अन्तर्गत २०७३।७४ सम्म क्रमागत आयोजना २ हजार ६९३ र नयाँ आयोजना २ हजार ३४४ गरी जम्मा ५ हजार ३७ खानेपानी आयोजना सञ्चालनमा रहेका छन् । क्रमागत आयोजनामध्ये ६३ जिल्लाका ४४९ आयोजना २०६८।६९ भन्दा अगाडि शुरु भई अधुरा रहेका छन् ।

त्यस्तै रणनीति सडक पुल तथा स्थानीय सडक पुल समेत १ हजार ५५५ निर्माणाधिन रहेको देखिन्छ । निर्माणधीन पुल मध्ये वि.सं.२०७० अगाडि निर्माण सुरु भएका १०९ पुल शुरु म्याद समाप्त भएको बर्षौ बितिसकेको अबस्थामा समेत सम्पन्न नभई अधुरो अबस्थामा रहेको पाइयो । अधुरा अबस्थामा रहेका यी पुलका लागि रु. ७ अर्ब २५ करोड ४१ लाख ५६ हजारको खरिद सम्झौता भएकोमा यो बर्षसम्म रु.४ अर्ब ३० करोड ६१ लाख ६ हजार भुक्तानी भएको छ ।

यो वर्ष विद्यालयलाई भौतिक निर्माण, छात्रा शौचालय र बिद्यालय मर्मततर्फ रु.४ अर्ब ११ करोड ३२ लाख खर्च भएकोमा कार्य सम्पन्न भएको छैन । त्यस्तै स्वास्थ्य मन्त्रालय अन्तर्गत कुल ९१९ भवन निर्माणाधिन रहेको मध्ये २४ भवन सम्पन्न हुननसकी समस्याग्रस्त अवस्थामा रहेका छन् । यसै गरी जिल्ला समन्वय समिति १४ ले १०६ योजनामा रु.३० करोड १४ लाख खर्च गरेकोमा योजना अधुरो रहेकोले उक्त खर्च उपलब्धि विहीन स्थितिमा छ ।

४७. **बढी निकासा तथा बढी भुक्तानी –** शिक्षा नियमावली, २०५९ बमोजिम बढी र दोहोरो नहुने गरी निकासा दिनुपर्दछ । सर्लाही, रौतहट र काठमाडौं लगायत ३० जिल्ला शिक्षा कार्यालयले यो वर्ष तलव भत्तामा पाउनेभन्दा रु.२ करोड ५५ लाख, जिल्ला शिक्षा कार्यालय, काठमाडौं, बारा समेत ३० ले सेवानिवृत र बिदा बसेका शिक्षकहरुका लागि तलव भत्ता वापत रु.१ करोड ८६ लाख, जिल्ला शिक्षा कार्यालय, ताप्लेजुङ्ग लगायतका ९ कार्यालयले पाठ्यपुस्तक व्यबस्थापनमा रु.८० लाख समेत ५ करोड ५ लाख बढी निकासा दिएको रकम असुल गरेको छैन । त्यस्तै तलबी प्रतिवेदनमा उल्लेख भए भन्दा विभिन्न १३ स्वास्थ्य कार्यालय तथा अस्पतालले रु.२० लाख, साविक ग्रेडलाई नयाँ ग्रेड कायम गरी विभिन्न २० स्वास्थ्य कार्यालय तथा अस्पतालले रु.१ करोड १४ लाख र वन विभाग र मातहत ३८ निकायबाट रु.१ करोड ७ लाख समेत रु.२ करोड ४१ लाख बढी भुक्तानी भएको रकम असुल गरी संञ्चितकोष दाखिला गर्नुपर्दछ ।

४८. **शेयर लगानी प्रतिफल** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार नेपाल सरकारले हालसम्म सार्वजनिक संस्थान लगायतका १०८ संस्थामा कुल रु.१ खर्ब ८१ अर्ब ९१ करोड ३५ लाख शेयर लगानी गरेको मध्ये रु.४२ अर्ब ५५ करोड २५ लाख शेयर लगानी भएका १६ संस्थानहरुले २०७२।७३ मा रु.६ अर्ब १ करोड ३१ लाख नाफा प्राप्त गरेता पनि नेपाल सरकारलाई लाभांश घोषणा गरी बुझाएका छैनन् ।

४९. **असुल नभएको** -जिल्ला समन्वय समिति १६ ले ठेक्का पट्टाबाट कार्य गराउँदा कार्यतालिका बमोजिम काम नगर्ने २९ निर्माण व्यवसायीबाट रु.१ करोड ६६ लाख पूर्व निर्धारित क्षतिपूर्ति असुल उपर गर्नुपर्ने देखिएको छ । जिल्ला समन्वय समिति ३२ ले आन्तरिक आयको तुलना अनुसार प्रशासनिक खर्चमा रु.२२ करोड ३७ लाख बढी खर्च गरेका छन् । जिल्ला समन्वय समिति २५ ले फ्रिज गर्नुपर्ने रु.१३ करोड ८६ लाख जिल्ला

विकास कोषमा ट्रान्सफर गरेका छन् । जिल्ला समन्वय समिति ३५ ले प्राकृतिक स्रोत उपयोग बापत असुल गर्नुपर्ने रु.४४ करोड ७७ लाख असुल गर्न बाँकी रहेको छ ।

५०. **बिल भरपाई** - दोरम्बा गाउँपालिका रामेछाप, गौमूल गाउँपालिका बाजुरा, भरतपुर महानगरपालिका लगायत २७८ गाउँपालिका/नगरपालिकाले यो वर्ष विभिन्न शीर्षकबाट कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई नराखी रु.२२ करोड ८२ लाख भुक्तानी गरेका छन् । उक्त खर्चका सम्बन्धमा छानबिन गरी कारबाही गर्नुपर्दछ ।

५१. **स्रेस्ता पेस नभएको** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा कार्यालय प्रमुखले आर्थिक विवरण पेस गरी अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । यो वर्ष महोत्तरीको गौशाला नगरपालिका र पिपरा, मनहरा, महोत्तरी, लोहारपट्टी, सम्सी समेत ५ गाउँपालिका र पर्साको ६६, सप्तरीको १, काभ्रेपलाञ्चोकको १ समेत ६८ साविक गाउँ विकास समितिले लेखापरीक्षण गराएका छैनन् । धनुषाको १२, बाराको ४, सिराहाको १, रौतहटको ५, ललितपुरको ३, मकवानपुरको ११, सिन्धुपाल्चोकको १, मुगुको २, गोरखाको २, नवलपरासीको १ समेत ४२ साविक गाउँ विकास समितिले रु.२३ करोड ७८ लाखको लेखापरीक्षण गराएका छैनन् । स्रेस्ता पेस नगर्ने पदाधिकारीलाई आवश्यक कारबाही गरी नियमानुसार लेखापरीक्षण गराउनु पर्दछ ।

५२. **हिनामिना मस्यौट** - आर्थिक कार्यविधि ऐन, २०५५ दफा २६ बमोजिम सरकारी रकम मस्यौट गरेको देखिएमा सो गर्ने उपर कानूनबमोजिम कारबाही गरी असुल गर्नुपर्ने व्यवस्था छ । डोटीको साविक पोखरी गा.वि.स. कार्यालयका सचिवले २०७३ साल श्रावणदेखि फागुन २७ सम्म पूँजीगततर्फ निकासा भएको लगायत रु.३८ लाख हिनामिना मस्यौट गरेको, शिखर नगरपालिका, साविक जिजोडामाण्डौ गाविस डोटीका अर्को सचिवले रु.३० लाख हिनामिना मस्यौट गरेकोले प्रचलित कानूनबमोजिम कारबाही गरी सुद सहित असुल उपर गर्नुपर्दछ ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(५) अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रकम अगामी वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था भए तापनि खाँदवारी नगरपालिकाले कोषतर्फ रु.१ करोड २३ लाख, धरौटीतर्फ रु.१३ लाख १३ हजार र कल्याण कोषको मौज्दात रु.१० लाख समेत रु.१ करोड ४६ लाख जिम्मेवारी नसारेको, स्रेस्ताभन्दा बैङ्कमा खुद न्यून रु.७७ लाख न्यून देखिएको र निर्माण खर्च रु.५ करोड ४५ लाख खर्च देखाएकोमा सोको विस्तृत विवरण, स्रेस्ता पेस नभएको सम्बन्धमा आवश्यक छानबिन गरी जिम्मेवार व्यक्तिवाट असुल उपर गर्नुपर्दछ ।

५३. **आन्तरिक आय** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा नगरपालिका/गाउँपालिकाको कार्यालयले कर, दस्तुर, सेवा शुल्क र बिक्रीबाट आय आर्जन गर्न सक्ने व्यवस्था छ । विभिन्न गाउँपालिका/नगरपालिका २०७ ले गत विगतको रु.७० करोड १३ लाख र यो वर्षको २८० संस्था एवं व्यक्तिसँग रु.३ करोड ९० लाख समेत रु.११ करोड ३ लाख असुल गर्न बाँकी छ । सो मध्ये वीरगंज महानगरपालिकाले ७ करदाताबाट मात्रै रु.२६ करोड ९७ लाख, विराटनगर महानगरपालिकाले १२ करदाताबाट रु.३ करोड ७८ लाख, काठमाडौं महानगरपालिकाले गोंगबुँ बसपार्क स्थित एक बहुउद्देश्यीय संस्थाबाटरु.४ करोड ४८ लाख, सुन्धारा स्थित एक ट्रेडर्सबाट रु.३६ लाख र आकाशेपुल सञ्चालकबाट रु.५ करोड ६ लाख बहाल असुल गर्न सकेको छैन ।

५४. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष नगरपालिका/गाउँपालिकाको कार्यालय ६७५ ले नियमानुसार भुक्तानीमा कट्टी गर्नुपर्ने पारिश्रमिक कर, अग्रिम आयकर र बहाल कर समेत रु.५ करोड ५ लाख कट्टी गरेको पाइएन । उक्त कर असुल गरी दाखिला गर्नुपर्दछ ।

५५. **काठमाडौं भ्यू टावर निर्माण** - महानगरपालिकाले पूरानो बसपार्कको २३ रोपनी ६ आना जग्गामा २९ तले बहुउद्देश्यीय भवन निर्माण गर्न बढी रोयल्टी कबोल गर्ने एक निर्माण व्यवसायीसँग सम्झौता गरेको छ । उक्त टावर बनाई ३० वर्ष परिचालन गर्न लागत अनुमान रु.३ अर्ब ७५ करोड रहेको र निर्माण सम्पन्न नहुँदासम्म बार्षिक रु.९८ लाख र निर्माण सम्पन्न पश्चात् २७ वर्ष वार्षिक रु.२ करोड ३५ लाखले रु.६६ करोड ४० लाख रोयल्टी बुझाउने र ३० वर्षपछि भवन महानगरपालिकाको स्वामित्वमा आउने गरी आशयपत्र जारी गर्दा २९ तल्लाको भए पनि भूकम्पका कारण १२ तल्ला मात्र नक्सा पास भएको छ ।

निर्माण व्यवसायीले २९ तल्ला बनाउन सम्झौता भएकोले सो बमोजिम स्वीकृति माग गरेकोमा हालसम्म स्वीकृत भएको छैन । भौगर्भिक अवस्थालाई मध्यनजर राखेर बिबाद टुंगो लगाउनुपर्दछ ।

५६. **बढी भुक्तानी** - काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजनाले निर्माण व्यवसायीलाई १२ औं रनिङ्ग बिलको भुक्तानी गर्दा नेपाली मुद्रातर्फ रु.५८ करोड ३९ लाख र विनिमय दरका लागि वैदेशिक मुद्रामा रु.४ करोड ४१ लाख समेत रु.६२ करोड ७९ लाख भुक्तानी दिनुपर्नेमा रु.६४ करोड २९ लाख भुक्तानी दिएकोले रु.१ करोड ५० लाख ७३ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

५७. **नयाँ दरमा मूल्य वृद्धि** - विराटनगर महानगरपालिकाले निर्माण व्यवसायीसँग भएको सम्झौताको प्रावधान अनुसार केही आइटममा परिमाण थप घट एवं नयाँ आइटम थप भई नयाँदर समेत कायम गरेको छ । उक्त नयाँदर २०७०।७१ को श्रमिक तथा सामग्रीको दरलाई आधार लिई तयार गरेको छ । सबै नयाँ दर भेरिएसन २ को २६ अप्रिल २०१६ र भेरिएसन ३ को २६ जुन २०१६ मा दर स्वीकृत भएकोमा मूल्यवृद्धि प्रयोजनको लागि जुलाई ३, २०१३ को दरलाई आधार लिई भुक्तानी दिएकोले बढी मूल्य वृद्धि दिएको रु.३ करोड ८३ लाख असुल गर्नुपर्दछ ।